BREAKING THE CYCLE

लैंङ्गिक हिंसाको अन्त्यको लागी असल अभ्यास

BREAKING THE CYCLE
Project No. 590028-EPP-1-2017-1-ES-EPPKA2-CBY-ACPALA
sve.cerujovi@gmail.com
www.gbvamongyouth.org

Coordinated by:
Centro Rural Joven Vida, Spain

Partner Organizations:
Bangladesh Women´s Health Coalition, Bangladesh
Centre for Research and Action on Peace, Greece
Centre for Health and Social Justice, India
Youth First, Madagascar
Legal Aid & Consultancy Centre, Nepal

Coordinations of project:
Katarzyna Reyes-Czechowicz
Cristina Ruiz Martín Mora

Authors:
The good practices in this guide are the product of research by each partner organization. The guide was adapted by KEDE organization.

Editing:
MyrtoAdamantiadi

Graphic design:
[logo of company]

Project Breaking the Cycle co-funded by Erasmus+ programme of the European Union.
https://eacea.ec.europa.eu/about-eacea/visual-identity_en

[logo Erasmus+]
The European Commission support for the production of this publication does not constitute an endorsement of the contents which reflects the views only of the authors, and the Commission cannot be held responsible for any use which may be made of the information contained therein.

Published in May 2018 by Centro Rural Joven Vida, Spain
© https://creativecommons.org/licenses/by-nc-sa/4.0/
[cc logo]
Attribution-NonCommercial-ShareAlike 4.0 International (CC BY-NC-SA 4.0)
This document is available on the Breaking the Cycle website: www.gbvamongyouth.com
For more information, or to comment on this document, email info.cerujovi@gmail.com

विषय सामाग्री

परिचय

बंगलादेश

१. शोखी - बंगलादेश महिला स्वास्थ्य सम्बन्धिको गठबन्धन

२. पिडीत तथा प्रभावित बालबालिका र महिलाहरुका लागी आवास - ढाका असानिया मिसन

३. सहमति र छनौटको पहिचान - बंगलादेश कानून तथा सेवा कोष

४. एकद्धार विपत केन्द्र -महिला तथा बालबालिका मामिला सम्बन्धि मन्त्रालय

५. पिडित सहायता केन्द्र- बंगलादेश प्रहरी

ग्रीस

६. **नजिकका सहपाठी** द्धारा हुने हिंसा विरुद्ध लैंङ्गिक समानता कायम गर्ने सचेतना परियोजना- हिंसाविरोधी यूरोपियन संजाल

७. लैंङ्गिक हिंसा विरुद्ध कला तथा सडक प्रदर्शन -महिला आवास

८.PAI.D.E.S 100 अभियानमार्फत शसक्तिकरण - एथेन्सको पारीवारिक सहायता केन्द्र, गिर्जाघर क्षेत्रको धार्मीक संगठन

९. एथेन्स परामर्श केन्द्र- लैङ्गिक समानताको लागी अनुसन्धान केन्द्र, आन्तरिक मन्त्रालय

१०. मलाकासमा महिला शरणार्थीको लागी शिविर - महिला समस्याहरुको अनुसन्धानको लागी डिओटिमा केन्द्र

भारत

११. अवाज देऊ अभियान - समाजिक विकासको लागि संस्थान

१२. लैङ्गिकता र पुरुषत्वलाई बुझ्न संचारको प्रयोग - संयक

१३. समजदार जोडिहरु परियोजना - स्वास्थ्य तथा सामाजिक न्याय केन्द्र

१४. किशोरवार्ता (यूवा संचार) - स्वास्थ्य तथा सामाजिक न्याय केन्द्र

१५. तरंग - सहयोग

मदागाष्कर

१६. यूवा महिला नेतृत्व कार्यक्रम - पहिलो यूवा

१७. मानव बेचबिखनका पिडितको लागी सहायता - आप्रवासीहरुको अर्न्तराष्टिय संगठन

१८. पुरुषको स्वच्छ छवि - अर्न्तराष्टिय जनसंख्या सेवा

१९. सहला- सी .फर .सी.

२०. घरेलु हिंसाविरुद्ध बचाउ कार्यक्रम - इन्डा मदागाष्कर

नेपाल

२१. आमाको नामबाट विभेद रहित रुपमा नागरिकतामा समान पहुँच - कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

२२. मर्यादा अभिवृद्धी गर्न - कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

२३. कानूनी प्रकृयाको वैकल्पिक रुपमा मेलमिलाप प्रकृया - कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

२४. सहमतिद्वारा प्रामाणिक लिखत तयार गर्न - कानुनी सहयोग तथा परामर्श केन्द्र, महिला आयोग, नेपाल प्रहरी

२५. विपत व्यवस्थापनका लागी एकद्धार प्रणाली केन्द्र- स्वास्थ तथा जनसंख्या मन्त्रालय

स्पेन

२६. बेल्दूबारीक (त्रास रहित) -इमाकून्डे -बास्को महिला संस्थान

२७. से नो (नाई भन)- गाउँ केन्द्रित जेाभेन भाडी

२८. आत्म रक्षाको दिनहरु - सामाजिक समस्याको लागी नगरीय केन्द्र

२९. लैंगिक हिंसा विरुद्धका लागी क्षेत्रीय समन्वय समिती - महिला विरुद्धको हिंसाका लागी समन्वन इकाई, एक्स्ट्रामधुरा र एक्स्ट्रामधुरा महिला संस्थान

३०. हिंसात्मक पात्रो - लैंगिक हिंसा विरुद्ध स्थानिय समिती, क्यासार

परिचय

ERASMUS+European Unioin को अनमोदन र पर्यवेक्षण अर्न्तगतको कार्यक्रम "BREAKING THE CYCLE" नामक परियोजना कार्यान्वयनका लागि साझेदारीपुर्ण कार्य गर्नु हामी सम्पुर्ण संस्थाहरुको लागि एक ठुलो सम्मान भएको छ ।

दुई यूरोपियन संगठनहरु

- क्यासारेस, एक्थ्रमथुरा, स्पेन (Caceres, Extramadura, Spain) मा अवस्थित CENTRO RURAL JOVEN VIDA (CERUJOVI) जसले परियोजना प्रस्ताव पेश गर्ने जिम्मेवारी र समन्वय गर्ने र चुनौतिहरुको सामना गदै सहकार्य गर्ने उतरदायीत्व लिएको छ ।
- एथेन्स ग्रीस मा अवस्थित CENTRE FOR RESEARCH AND ACTION ON PEACE (KEDE)

तीन दक्षिण एशियाली संस्थाहरु

- काठमाण्डौ, नेपालमा अवस्थित कानूनी सहयोग तथा परामर्श केन्द्र (LACC)
- नया दिल्ली, भारत मा अवस्थित स्वास्थ्य तथा सामाजिक न्यायका लागी केन्द (CHSJ)
- ढाका, बंगलादेशमा अवस्थित बंगलादेश महिला स्वास्थ्य सम्बन्धिको गठबन्धन (BWHC)
- तथा एक पूर्वि अफ्रीकन मुलुक मदागास्कर मा अवस्थित संगठन,पहिलो युवा (YOUTH FIRST)

लैंगिक समानता र महिला विरुद्धका हिंसामा धेरै युरोपियन परियोजनाहरु कार्यान्वयन भैसकेका छन् । कसैले इन्टरनेटमा खोजि गर्नाले वा विशेष गरी विभिन्न यूरोपियन संगठनहरुभित्र सम्भव भए सम्म खोजि गर्नाले पनि यस्ता परियोजनाहरु पाउन सक्नेछन् । तैपनि यो BREAKING THE CYCLE परियोजनाले महिलासम्बन्धि हिंसा विरुद्ध लड्नको लागी आफ्नै विशिष्ट दृष्टिकोण ल्याउदछ । यो परियोजनाको निम्न उद्देश्यहरु छन् ।

- पूर्णरुपमा पृथक पृष्ठभुमि, देश, धर्म, विचार र मान्यता प्रणाली भएका महिला र पूरुषलाई संगै ल्याउन ।

- पृथक साँस्कृतिक पृष्ठभुमि भएका यूवाहरुबिच जागरुकता सिर्जना गर्न ।
- प्रशिक्षकहरुलाई तालिम दिन र सामाजिक, आर्थिक, शैक्षिक, भौगोलिक तथा साँस्कृतिक विविधताको वाबजुद पनि महिला विरुद्धको हिंसा एक तत्व हो जसले दयनियरुपमा सम्पूर्णलाई प्रभावित पार्ने तथ्यलाई उजागर गर्न ।

हो, यो सत्य हो कि धेरै राम्रा अभ्यास मार्गदर्शनका रुपमा सिर्जीत, सविस्तारित, लिखित र प्रकाशित भएका छन् तर यो मार्गदर्शन धेरै प्रकारले फरक छ । यद्यपी यो मार्गदर्शनको विषयमा अध्ययन गर्दा सहभागी यो असल अभ्यासको कार्यरेखामा धेरै समानता पाउनेछन् । केहि कुराहरु भने पहिले जानी राखेका, अभ्यासमा भैरहेको पनि पर्दछन् जस्तै कानुनी सहायता ।

जम्मा ३० वटा असल अभ्यासका शिर्षकहरु तालिममा समावेश भएकामा प्रत्येक साझेदारी देशबाट पाचँवटा ल्याएको हो । यस असल अभ्यास पुस्तिकाले विविध शिर्षकहरु जस्तै सीप अभिवृद्धि देखि आत्मरक्षासम्म, शरणार्थीको क्याम्पदेखि रजस्वलाको समयमा हुने भेदभाव सम्म, लैंगिक हिंसा विरुद्धमा पुरुषको सहभागिता देखी किशोर पुरुषहरुका लागी चेतनामूलक सुन्ने सामग्री, बेचबिखनका पिडितलाई आश्रयदेखि परिवार नियोजनसम्मका विषयवस्तुहरु पर्दछन् । यो मार्गदर्शन सम्बन्धित सम्पूर्ण सरोकारहरुको लागी महत्वपूर्ण सामग्री हो, किन की यसले मार्गदर्शनले समेटेका छोटा कथाहरुले समेटेका असल अभ्यासलाई महिला विरुद्ध हुने भेदभाव हटाउन तथा लैंगिक समानता कायम गर्नका निमित्त पुनः प्रयोग तथा प्रतिफल सहितको कार्यन्वयन गर्न सकिने छ ।

Fotini Sianou

Centre for Research and Action on Peace (KEDE)

बंगलादेश

शोखी SHOKHI (Confidante): - महिलाको स्वास्थ्य, अधिकार र छनौट सम्बन्धि परियोजना (BWHC)

ढाकामा महिला अधिकार सुनिश्चित गर्न अवरोधहरु माथि सम्बोधन

शोखी एक चार वर्षे परियोजना हो, जसले बंगलादेशका शहरिक्षेत्रका महिला, किशोरकिशोरी र पुरुषहरु बिचमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार, महिला, किशोरी र कामदार विरुद्धको हुने हिंसा तथा उनिहरुका अधिकारका विषयमा संवेदनशिलता र जागरुता बढाउछ, जसबाट उनीहरुमा सम्मानजनक सुरक्षित, स्वस्थ र खुशि जिवनको नेतृत्व गर्ने अवसरहरु मिल्दछ ।

स्थानिय NGOs BWHC समेत ले नेदरल्याण्डको राजदुतावासको सहकार्यमा ढाका स्थित झुपडबस्तिका महिलाको अधिकार, सम्मान, स्वास्थ्य र सुरक्षाको विषयमा अनुसन्धान गरी निम्न चार मुख्य अवरोधहरुको बोध गरायो ।

- भेदभावयुक्त दृष्टिकोण र सामाजिक मान्यता
- स्वास्थ तथा कानूनी सरोकारमा जागरणको अभाव
- सम्बन्धित सरोकारवालाद्धारा महिला अधिकार संरक्षणमा वेवास्ता
- सेवामा महिलाको सहज पहुँचमा रुकावट
- सोखीको मूख्य लाभग्राही महिला हुन, जो ढाका शहरको मोहखल, मिरपूर र मोहम्मदपूरको विभिन्न १५ झुपडबस्तिमा बस्दछन् ।

शोखीको क्रियाकलापहरु

शोखीले महिला र किशोरीहरुलाई सूविधाजनक, लैंगिक मैत्रिपूर्ण, किफायती र गुणस्तरीय स्वास्थका साथै कानूनी सेवा प्रदान गर्दछ । यस्ले सरकारी तथा गैरसरकारी निकायहरुद्धारा उपलब्ध सेवा, जस्तै प्रहरी, सार्वजनिक अस्पताल आदिमा महिला सहभागिता तथा पहुंचका लागी प्रचार र सिफारिश गर्छ । यसका साथै शोखीले महिला, किशोरकिशोरी र पूरुषहरुलाई यौन तथा प्रजनन स्वास्थ, स्वास्थमा

महिलाको अधिकार र कानूनी अधिकार विशेषगरी परिवार र कार्यक्षेत्रमा महिलाको अधिकारको बारेमा जागरण गर्ने र शैक्षिक क्रियाकलाप संचालन गर्ने गर्दछ । अन्तत माथी उल्लेखित सेवामा पहुँच भएका महिलाहरुले यस परियोजना द्धारा स्थापित आत्म सहयोग समूहमा (self help group) भाग लिनसक्नेछन् । यो समूहले समूदाय र कार्यक्षेत्रमा रहेका महिला सहायता संजाललाई सहयोग गरि आफ्नै परिवारभित्रै अधिकारको दावी गर्न सहयोग गर्दछ । विद्यमान नीति तथा कानूनको स्थानिय र राष्ट्रिय दुबै स्तरबाट प्रभावकारी कार्यान्वयनको पक्षमा वकालतको कार्य गर्नू यसको अर्को महत्वपूर्ण पक्ष हो ।

यस परियोजनाले समुदायका परिवर्तनका प्रर्वद्धकहरुलाई नियुक्ती गरि सामाजिक मान्यता तथा अनौपचारिक शक्ती संचयका विरुद्ध आवाज उठाउन समुदायलाई सहभागी गराउने, महिला विरुद्धको अपराधमा सजाय गराउने र रोजगारी तथा उपलध सेवामा पहुच अभिवृद्धि गराउने गर्दछ ।

यो परियोजना नेदरल्याण्ड अधिराज्यको राजदुतावासको आर्थिक सहयोगद्धारा संचालित छ ।

सफलता तथा चुनौतिहरु

यो परियोजना सफल हुँदाको बखत यसले धेरै संगठनात्मक चुनौतिहरु सामाना गर्नपर्‌यो जसअर्न्तगत उचित व्यवस्थापनको, समय र कामदारको अभाव संगसंगै साझेदारी संगठनहरुबिच वितिय तथा सेवागत सहकार्यताको अभाव ।

यद्यपी समुदाय सशक्तिकरणको दृष्टिकोणले यो परियोजना सफल भएको छ, जसले समुदायबाट नै परिवर्तनका प्रर्वद्धक जस्ता व्यक्तिहरुको सहभागिता र आत्म सहायता समुहको गठन, सीप विकास र व्यक्तिहरुको तालिमसंगै सेवामा पहुँच स्थापित गर्‌यो । यसले गर्दा शोखीको प्रभाव समुदायमा दिगो रुपमा बनाउन सक्षम भएको छ । यो लैंगिक मुलप्रवाहिकरण रणनितिको रुपमा स्थापित भएकोले यो परियोजना थप विस्तार हुने कुरामा शाोखी आशावादी रहेको छ ।

सम्पर्क विवरण :

Shokhi

info@Shokhi.org

https://Shokhi.org

पिडीत तथा प्रभावित बालबालिका र महिलाहरुका लागी आवास - ढाका असानिया मिसन (DAM)

जेसोर जिल्लामा बेचबिखनसम्बन्धि समस्या

बंगलादेशको दक्षिण पश्चिमी भागको सिमाना क्षेत्रमा जेसोर जिल्ला अबस्थित छ, जून सिमानापारी हुने मानव बेचबिखन र आप्रवासी श्रमिकको आवतजावत गर्ने मुख्य नाकाको रुपमा चिनिन्छ। धेरै पिडीतमा महिलाहरु पर्दछन् जो वेश्यावृद्धि, गैरकानूनी कार्य वा आप्रवासी नोकरको रुपमा बेचिएका छन् ।

सन् १९९७ मा जेसोरको दूर्गम भागमा DAM स्थापना भएको थियो, जसले हिंसाका पिडीत, मानव बेचबिखन र गैरकानूनी आप्रवासी श्रमीक विशेष गरी बालबालिका, महिला, र पुरुषहरुको उद्धार गरी आवास, पूर्नस्थापनामा सहयोग तथा प्रत्यावर्तन (repatriation) सेवा प्रदान गर्दछ। उक्त आवासमा उद्धार गरेका मध्ये ६० जना पिडीतहरुको समायोजन गर्न सक्ने क्षमता छ।

DAM को आवास

सुरुवातदेखि नै DAM बंगलादेशको सिमाना सुरक्षाकर्मी र प्रहरीसंग निकट भएर पिडितको उद्धार गर्ने कार्य गर्छ। यस आश्रमले आवासमा पुगेका पिडितहरुको सहज सामाजिक र पारीवारिक जिवन प्राप्तिका लागि व्यापक तवरले सेवा प्रदान गर्दछ।

आवासमा भएका पिडितहरुको मानसिक परामर्श, मेडिकल सेवाका साथै कानूनी परामर्श, तथा कानूनी सहायतासम्म पहुंच हुन्छ । आर्थिक शसक्तिकरणको लागि पनि DAM ले अनौपचारिक शिक्षा, औपचारिक तथा दुर सकाई शिक्षा, व्यवसायिक तालिम, रोजगारीको व्यवस्था र आफ्नै व्यवसाय गर्नेलाई पनि सहयोग गर्छ। जिवन उपयोगी तालिम र कानूनी अधिकारमा पनि तालिम दिन्छ।

पिडितको स्वास्थ लाभमा सहयोग गर्न मनोरंजनात्मक कार्यक्रमहरु जस्तै भित्री तथा बाहिरी खेलहरु, रात्री चलचित्र र अन्य कार्यक्रमहरु आयोजना गर्छन् । जब केहि समयपछि पिडित ठिक हन्छन्,

तिनीहरुलाई परिवार र समूदायमा पूर्नस्थापना गर्न पनि DAM ले सहयोग गर्छ । यसरी गएका व्यक्तिहरुले राम्रै गरिरहेका छन् भनेर विश्वस्त हुन DAM ले अनुगमन समेत गर्दछ ।

DAM को कार्य आवास स्थलमा मात्र सीमित नभई नजिकका समूदायमा पनि सहायता विस्तार गर्दछ । यसले अन्य बाह्य क्रियाकलाप पनि संचालन गर्छ, जसले मानव बेचबिखन र महिला हिंसा नियन्त्रणका गर्नुका साथै स्थानिय समूदायमा यी समस्याहरुको उजागर गरी सजगतामा पनि जोड दिन्छ ।

यो परियोजनालाई धेरै निकायहरुले आर्थिक सहयोग गरेका छन् जस्तै EU, Cord Aid, UNODC, World Vision, Winrock International and Plan International Bangladesh । त्यस्तै UNODC, World Vision and DAM को यो परियोजनामा राम्रो योगदान छ ।

संलग्नताको मूल्यांकन

सयौं मानव बेचबिखनका पिडितलाई DAM को आश्रयले सहयोग गरेको छ । उनीहरुको उद्धार र हेरचार गर्नेमा मात्र सिमीत नभई समूदायमा पूर्नस्थापना गर्न र जिवन सूधारमा सहयोग र शसक्तिकरण गर्ने कार्य पनि गरेको छ । परियोजनाको प्रभावकारिता भनेको लाभान्वितहरुको दिगोपनमाथि केन्द्रित हुनु हो । यद्यपि निरन्तररुपमा आर्थिक सहयोगमा प्रयासरत रहनु DAM को कार्यक्षेत्रको लागि ठूलो चूनौति हो ।

बेचबिखनकर्ता निपूर्ण अपराधि हुनु पनि यो परियोजनाको लागि प्राय जोखिमपूर्ण भएको छ । कानूनको उचित पालना गर्ने निकायको सहयोग बिना यो बेचबिखन नियन्त्रण गर्ने कार्य निकै असम्भव देखिन्छ । पर्याप्त समूदायको सहभागिता र धार्मिक अगुवाहरु वा नेताहरुको सहयोग भएमा यो परियोजना धेरै फलदायी हुनेछ । अत यस्ता मामिलाहरुको प्रचार मिडियामा एक अभियानको रुपमा भएमा धेरै सहयोग भई सफल हुनेमा DAM विश्वस्त छ ।

सम्पर्क विवरण :

Khawja Shamsul Huda

ks.huda@ahsaniamission.org.bd

www.ahsaniamission.org.bd

सहमति र छनौटको पहिचान - बंगलादेश कानून तथा सेवा कोष (BLAST)

सहमति र छनौटको पहिचान

बंगलादेशमा महिलाहरुको न्यून सामाजिक अस्तित्व विद्यमान छ । उनीहरु आफ्नो अधिकारको उपयोग गर्न तथा निजि मामिलाहरु जस्तै कहिले र को संग विवाह गर्ने, यौन सम्बन्ध राख्ने र बच्चा जन्माउने भन्नेमा समेत आफू निर्णय गर्न असक्षम छन् । सन् २०१० को घरेलु हिंसा (नियन्त्रण तथा संरक्षण) ऐनले यौन हिंसा पनि घरेलू हिंसाको स्वरुप हो भनि स्थापित गरेको छ र विवाह भित्रको जबरजस्ती करणीलाई पनि सम्बोधन गरी कानूनी रुपरेखा दिएको छ । सन् २०११ मा गरेको महिला विरुद्धको हिंसा नामक राष्ट्रिय सर्वेक्षण अनुसार अझै पनि यस्ता हिंसा विरुद्ध कानूनी संरक्षण छ भन्ने बूझाईको कमि छ, कानूनी सहायताको पँहुचमा हातेमालोको अभाव छ जसले गर्दा विवाहपछि पनि सहमतिपूर्ण यौन सम्पर्क गर्नु अधिकार हो भनेर महिलाहरु स्वीकार गर्न तयार नै छैनन् ।

यस्ता सहमति र विकल्पमा रहेको संस्थागत कानूनी द्विविधा र गलत बुझाईसंगै रहिआएको सामाजिक अभ्यास र विश्वासहरुले जरो गाडी रहेकोमा महिला हिंसा र यौन तथा प्रजनन स्वास्थमा कार्यरत व्यक्तिहरुबाट कानूनको ब्याख्या र कार्यान्वयन कसरी हुन सक्छ । अवरोधकारी र रुढिवादी ब्याख्या, महिला सूरक्षाबारे धम्की, सिमीत सामाजिक सुरक्षा तथा सहमति र छनौटमा रहेको यस्ता धब्बाहरुले गर्दा कानून र यौन तथा प्रजनन स्वास्थका अभ्यासकर्ता र सेवा प्रदायकहरुमा निरासकारी भूमिका खेल्दछ । त्यसकारण पनि यो परियोजना शूरु गर्नू परेको हो ।

BLAST को RCC परियोजनाको उद्देश्यहरु

- प्रमूख सरोकारवालाहरु कानून, यौन तथा प्रजनन स्वास्थ्यका व्यक्तित्वहरु, अनूसन्धानकर्ताहरु, नव जवान यूवाहरु बिच सहमति र छनौटका विषयमा सचेतना बढाउन ।
- सहमति र छनौटका विषयमा कानून, यौन तथा प्रजनन स्वास्थ्यका अभ्यासरत व्यक्तित्वहरुबिच अवधारणगत स्पष्टता र चेतना अभिवृद्धि गर्न ।

- कानून तथा जन स्वास्थ्य जस्ता विभिन्न क्षेत्रमा प्रमूख सरोकारवालाहरु बिच वालविवाह, जवरजस्ती विवाह, वैवाहिक वलत्कार र साइबर अपराधजस्ता एजेण्डाको विकल्पमा वकालत गर्न सहकार्य निर्माण गर्नु ।

ढाका शहरको तीन विश्वविद्यालयबाट कानून, यौन तथा प्रजनन स्वास्थ्यका प्रोफेसरहरु संगसंगै विद्यार्थीहरु वा यूवाहरु लाभग्राहीका रुपमा थिए ।

तालिमको प्रक्रिया

यो परियोजनाका लागि **BLAST** ले Centre for Gender, Reproductive Health and Rights at James P. Grant School of Public Health and BRAC University संग निकटतम रुपमा कार्य गर्‌यो । परियोजनाको उद्देश्य पूरा गर्न विभिन्न कार्यक्रमहरु जस्तै तालिम, कार्यशाला, सेमिनार, गोष्ठि र विभिन्न अभियानहरुको आयोजना गरिएको थियो । विशेषगरी RCC परियोजनाको कार्यक्रमको रुपमा BLAST ले,

- बंगलादेशमा कानून, यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा क्रियाशिल तथा अभ्यासरत व्यक्तिहरु को लागि छोटो तालिमहरुको आयोजना गर्‌यो ।
- पत्रकार तथा संचारका व्यक्तित्वको लागी कार्यशिला (workshop) लेखन कार्यक्रम आयोजना गर्‌यो ।
- यौन तथा प्रजनन स्वास्थ्यका विषयमा गरिएका विभिन्न सर्वेक्षणहरुको कार्यान्वयन गर्‌यो ।
- यस विषयमा क्रियाशिल विभिन्न ज्ञाताहरु लगायत अन्यलाई पनि कार्यशाला गोष्ठी, तथा छलफल कार्यक्रमहरुको संचालन गर्‌यो ।
- नयाँ पूस्ताको धेरै सहभागिता गराउनको लागि १६ दिने महिला विरुद्धको हिंसा अभियान को अवसरमा, मानव अधिकारमा सक्रियताको अवसरमा छोटो चलचित्र प्रर्दशनमा प्रतिर्स्पदा कार्यक्रमको आयोजना गर्‌यो ।

यौन शिक्षाको लागि स्वीडीस संगठनबाट यस परियोजना संचालनको लागि आर्थिक सहायता आएको हो ।

परियोजनाको मूल्यांकन

कार्यशाला, गोष्ठि संचालन गर्ने क्रममा यस परियोजनाले पूर्व निर्धारित लक्ष्य हासिल गर्‌यो । यद्यपि, निर्धारित समयमा विद्यार्थीहरुको कोर्स पुरा गर्न पर्याप्त संस्थागत सहयोगको अभाव र सहभागीहरुको संकूचित तथा लजालु स्वभावले यसको गुणस्तरमा असर जस्ता यी दुई मुख्य चुनौतिहरुले परियोजना रहेका छन् जसले यसको सामाग्री तथा नतिजामा प्रभाव पार्दछ ।

सम्पर्क विवरण :

BLAST

mail@blast.org.bd

www.blast.org.bd

एकद्धार विपत केन्द्र - महिला तथा बालबालिका मामिलासम्बन्धि मन्त्रालय, (OCC)

उद्देश्य तथा पृष्ठभमि

महिला विरुद्धको हिंसा बंगलादेशको एक राष्ट्रिय मुद्दा हो र यो लाखौं महिला र किशोरीहरुको प्राय दैनिक भोग्ने तथ्य हो । निरास त्यतिबेला भइन्छ जब धेरै यस्ता अपराधीहरु बिना सजाय कानूनबाट उम्किन्छन् । सन् २००१ मा स्थापित OCC ले शारीरिक तथा यौनजन्य दुर्व्यवहारका पिडीतहरुका लागि स्वास्थ्य तथा कानूनी सहायता प्रदान गर्दछ । अहिले बंगलादेशको ८ मुख्य मेडिकल कलेजहरुमा OCC रहेको छ ।

महिला विरुद्धको हिंसा विषयमा सम्बोधन र नियन्त्रण गर्नु OCC को लक्ष्य हो त्यसका लागी बंगलादेशको एकिकृत अर्न्तमन्त्रिस्तरीय समन्वय गर्न जोड दिन्छ । हिंसा पिडितलाई एकद्धार प्रणाली बाट आवश्यक सम्पूर्ण सहयोग र सेवा प्रदान गर्नु नै यसको उदेश्य हो ।

सन् २००० मे देखि २००३ डिसेम्बर सम्म सूक्ष्म चरणमा यो परियोजनाले काम गर्‌यो । अहिले यो कार्यक्रम चार चरणमा छ, जसले सन् २०२१ सम्म निरन्तरता पाँउनेछ ।

OCC का क्रियाकलापहरु

आठ मन्त्रालयहरुका सदस्यहरुको निरिक्षणमा प्रत्येक केन्द्रसंग सामान्यतया बिस भन्दा बढि सदस्यहरु समावेस भएको समूह कार्यरत छन् । विशेषगरी लैंगिक हिंसाका पिडितहरुलाई स्वास्थ्य सेवा, प्रहरी सहायता, परिक्षण, सामाजिक सेवा, कानूनी सहायता, मनोवैज्ञानिक परामर्श र आवास सेवा आदीमा सहयोग प्रदान गर्नमा OCC ले जोड गर्छ । पिडितलाई समूदायमा पूर्नस्थापना गर्न शिक्षा, सीपमूलक तालिमको व्यवस्था गर्न सेवाको क्षेत्र विस्तार गर्दछ ।

OCC को लागि आठ सरकारी मन्त्रालयहरु र डेनमार्क सरकासको आर्थिक सहयोग गरिएको हो ।

उपलब्ध प्रमूख सेवाहरु

देशमा रहेका हिंसाका सम्पूर्ण पिडित महिलाहरुलाई OCC द्धारा प्रमूख सेवा प्रदान गर्दछ । यद्यपि सुरुवातमा यो सजिलो थिएन् जून बेला यसले थूप्रै सामाजिक तथा वितिय कठिनाईहरु सामना गर्‌यो । पिडित र सरोकारवाला दूवै यस्ता हिंसाका मूद्दामा पूर्ण रुपमा अनविज्ञ रहनू प्रमूख कठिनाई थियो । त्यसकारण शूरुवातको चरणमा यो परियोजनाले पर्याप्त ध्यान खिच्न सकेन ।

त्यसपछि समय परिवर्तन हूदै गयो र OCC को कार्यमा पनि सूधार आउन थाल्यो । सहयोग गर्ने कोषका निकायद्धारा केन्द्रमा वार्षिक दुई पटक अडिट गरिन्छ । कोषले पिडितको मेडिकल उपचार, पूलिससंगको सहकार्य, बंगलादेशको राष्ट्रिय महिला वकिलहरुको संगठनसंगको सहकार्य संगै सफा र उचित व्यवस्था गर्ने सुझाव दियो । निकट भविष्यमा लाभग्राहीमाझ दिर्घकालिन प्रभावकारितालाई बढवा दिन यस कार्यक्रमले सरकारी आश्रयसंग सहकार्य गर्न खोज्दैछ ।

माथिल्लो स्तरबाट नै प्रत्यक्ष सहभागिता र दृढ संकल्पले गर्दा यो सफल हुन र प्रमूख बन्न आएको हो, केहि राजनितीक हस्तक्षेप भएता पनि यो सफल भएको छ । सरकारी सहभागिताले यसको वितिय दिगोपनलाई अझ मजबुत बनाउंदछ ।

सम्पर्क विवरण :

Multi-Sectoral Programme on Violence Against Women

Project Implementation Unit

mspvaw@yahoo.com

www.mspvaw.gov.bd

पिडित सहायता केन्द्र- बंगलादेश प्रहरी, (VSC)

परियोजना (Project)

ढाका महानगरिय प्रहरी विभाग अर्न्तगत सुदृढ प्रहरी कार्यक्रमको सहयोगमा VSC ले आफ्नो परियोजनाको यात्रा सन् २००९ मा सुरु गर्‌यो । हिंसाका पिडितलाई सहयोग गर्न प्रहरीले दश गैरसरकारी संस्थासंग काम गर्‌यो । यो परियोजनाले महिला र बालबालिकाको अधिकारको सम्मान गर्ने परिमार्जित संस्कारको परिकल्पना गर्छ र उनीहरुको उचित संरक्षण र सुरक्षा गर्ने संकल्प राख्छ । चार प्रकारका पिडितहरु VSC मा केन्द्रित छन् । जस्तै, बलात्कार, अपहरण, मानव बेचबिखन जस्ता मुद्धाका पिडितहरु, हराएका बच्चाहरु, घरेलु हिंसाका पिडितहरु र असक्त पिडितहरु ।

VSC का लक्ष्य

- सामाजिक र सांस्कृतिक रोकावट हटाउन र महिला र बालबालिकामा हुने अपराध विरुद्ध रिर्पोट गर्न पहुच बढाउनु
- पीडितलाई यथाशिर्घ्र पेशागत सेवा प्रदान गर्ने
- पीडितको तथा उनीहरुको कानूनी अधिकार सूरक्षा गर्न प्रभावकारी भूमिका खेल्ने
- सरकारी तथा गैरसरकारी निकायको संयुक्त पहलमा पिडितको सुरक्षा सुनिश्चित गर्ने
- पीडितलाइ पुनः पिडीत हुनबाट बचाउने

VSC को पद्धती

हिंसाका पिडितका मूद्दाहरु VSC लाई प्रहरी, NGOs या सिधै इमेल, फोन, SMS र इन्टरनेट मार्फत रिर्पोट हून्छन् । अनि उनीहरुका भनाइअनसार VSC का कर्मचारीले विशेष प्रक्रियाद्धारा सेवा प्रदान गर्छन् । सर्वप्रथम VSC ले त्यस्ता गूनासाहरु दर्ता गर्छन् अनि

- पिडितलाई कानूनी प्रक्रियाबारे जानकारी दिने
- पिडितलाई मेडिकल सेवा दिई आवश्यकतानुसार स्वास्थ्य चौकी पठाइ दिने
- अनूसन्धानमा सहयोग गरी यसबारे पिडितलाई जानकारी दिने
- मनोसामाजिक परामर्श दिने
- र दिर्घकालिन सहायताको लागि पिडितलाई सरकारी तथा गैरसरकारी निकायमा पठाईदिने ।

पिडितप्रति कस्तो व्यवहार गर्ने भनेर स्पष्ट र कडा आचार संहिता पनि लागू भैसकेको छ । बंगलादेशको सरकारद्धारा NGOs को आर्थिक सहयोगमा प्रहरीद्धारा यो परियोजना कार्यान्वयन भयो ।

सफलता र चूनौतीहरु

समग्रमा आफनो सेवा प्रदान गर्न यो परियोजना पूर्ण रुपमा सफल भएको छ । केहि वर्ष अगाडि नै कानूनी सहायताको प्रक्रियालाई सविधायुक्त बनाउने व्यवस्था गरेको छ । लिखित र विद्युतिय संचार मार्फत यसले पिडितको परिवारको पहिचान गर्न सहयोग गरेको छ । सन् २०११ मा ढाकाको महानगरिय प्रहरी विभागअर्न्तगत महिलाको सहायता र अनूसन्धान गर्ने एक अलग विभागको स्थापना गर्नु यसको उल्लेखनीय उपलब्धि हो ।

यस्ता सफलताको बावजुद पनि यसले अझै पनि केहि चूनौतिहरु सामना गरिरहेको छ । जस्तै

- मानसिक र अन्य तवरले अशक्त पिडितहरुलाई समाल्न कठिन हूनू
- लामो फौजदारी न्याय प्रक्रिया

- मानसिक स्वास्थका मामिलामा सेवाको अभाव
- बालबालिकाहरुका सहि ठेगाना पहिचान गर्न असक्षम
- प्रहरीले मात्र समस्याहरुको सामना गर्न सम्भव नभएकोले डाक्टर, सामाजिक अभिनेताहरु र नीतीनिर्माण कर्ताहरुको सहयोगद्धारा मात्र यी न्यून हून सक्छन् ।

सम्पर्क विवरण :

vsc.dmp@dmp.gov.bd

http://dmpwsid.gov.bd

ग्रीस

IPV विरुद्ध GEAR – परियोजना नजिक सहपाठीद्धारा हुने हिंसा विरुद्ध लैंङ्गिक समानता कायम गर्ने जागरण - हिंसाविरोधी यूरोपियन संजाल (EAVN)

IPV विरुद्ध GEAR परियोजना

IPV विरुद्ध GEAR I र IPV विरुद्ध GEAR II दुइ परियोजनाहरु हुन्, जसले विद्यालय र अन्य ठाँउमा संलग्न भई रहेका किशोरकिशोरीको सम्बन्धमा आत्मिय सहपाठीहरु द्धारा हुने प्राथमिक तथा मध्यम प्रकृतिका हिसांबाट बचाउनमा सहकार्य गरेको देखिन्छ । परियोजनाको शैक्षिक सामाग्रीमा विशेष व्यवस्था गरेर माध्यामिक तहका विधाथीहरु विच जागरण र शसक्तिकरणमा संलग्न रहने लक्ष्य रहेको छ ।

IPV विरुद्ध GEAR परियोजनाको स्वरुप

सबै लिंगका व्यक्तीहरु विच स्वस्थ र समान सम्बन्ध विकास, हिंसामा शून्य सहनशिलताको विकासको प्रचार गर्नू IPV विरुद्ध GEAR परियोजनाको उद्देश्य हो । सबै बालबालिका र किशोर किशोरी विद्यालयमा उपस्थित हुने यर्थाथता लाई मध्यनजर गर्दे दिगो प्रयासको लागी शैक्षिक प्रणालिलाई नै आदर्शवाद तिर मान्यता दियो ।

यी IPV विरुद्ध GEAR परियोजनाका स्वरुप सन् २०१० देखि २०१६ तिर विकसित, कार्यशिल र मूल्यांकित भएका थिए जम्मा सात देशहरुको सहकार्यमा संचालित भएको थियो ।

IPV विरुद्ध GEAR परियोजना सामाग्रीहरु

IPV विरुद्ध GEAR परियोजनाको उद्देश्य हाँसिल गर्नको लागी पूर्णरुपमा चार प्रकारका शैक्षीक सामाग्री पुस्तिका (Four Master Booklets) को विकास भयो जसको आधारमा राष्ट्रिय प्याकेज (National Packages) को प्रयोग प्रत्येक साझेदार संस्थाहरुले शिक्षकलाई लैंगिक समानता र

हिसांसम्बन्धि तालिम दिनुको साथै सजग गर्ने कार्यशाला (Awareness-Raising Workshops) **को** आयोजना गरी ज्ञान तथा सिप पनि दियो ।

प्रत्येक देशका आफ्नै साँस्कृतिक र शैक्षिक विशेषतालाई मध्यनजर गर्दै राष्ट्रिय प्याकेजका नमूनाका रुपमा विभिन्न अन्य देशहरुमा समेत प्रयोग गर्न यी सामाग्रीहरुको विकास गरियो । त्यसकारण मास्टर प्याकेज/Master Package (booklets I-IV) को प्रयोगले राष्ट्रिय IPV विरुद्ध GEAR प्याकेज /National GEAR *against* IPV Package को विकास गर्न template प्रदान गर्छ । Master Booklet I ले मूख्यतया राष्ट्रिय IPV विरुद्ध GEAR लाई मार्गदर्शन प्रदान गर्छ ।

दुवै परियोजनालाई EUको DAPHNE III Program ले आर्थिक सहयोग गरेको हो ।

परियोजनाको मूल्याङ्कन र प्रभाव

यो ढाँचा पहिले नै सात देशहरुमा कार्यान्वयन र मूल्याङ्कन भैसकेका हुन् र शिक्षक तथा विद्यार्थीको बुझाईमा वृद्धि गर्न प्रभावकारी देखिन्छ जसले लैंगिक हिंसाको सवालमा उनीहरुको दृष्टिकोण परिमार्जित भएको देखिन्छ ।

ग्रीसमा मात्रै यी दुई परियोजनाको समयमा १४० भन्दा बढी शिक्षक तथा प्रोफेसरहरुले तालिम र ७५० भन्दा बढी माध्यमिक तहका विद्यार्थीहरुले कार्यशालामा भाग लिए । यी दुवैको सहभागितामा निम्न प्रभावकारी सुझाव सहितको नीति प्रस्तुत गर्दछ ।

- स्वस्थ निकट सम्वन्धको विकास: विद्यालयको भुमिका, शिक्षकको तालिमका लागी प्रमाणयुक्त नीति सुझावहरु ।
- स्वस्थ निकट सम्वन्धको विकास: विद्यालयको भुमिका, किशोरकिशोरीको शसक्तिकरणको लागि सुझावहरु

ग्रीसका शिक्षकको तालिमका लागि आयोजित गोष्ठिको मूल्याङ्कन अनुसार यस्तो सेमिनारमा सहभागी हुन चाहने शिक्षकको माग उल्लेखनिय छ । यस्ता तालिम दिई सकेको देशको विवरण भन्ने

निरासाजनक छ, जहाँ अति कम शिक्षकहरुमात्र संलग्न हुन्छन् । तसर्थ उनीहरु यो पद्धतीबारे जान्न खोजिरहेका छन् ।

यो IPV विरुद्ध GEAR स्वरुपको प्रभाव लाभग्राहीहरुमा उत्साहजनक भएको र यसबाट शिक्षक र विद्यार्थी दुवै आफ्ना बुझाई र विचार परिवर्तन भएकोमा सन्तोष र कदर देखाइरहेका छन् । यस सक्रिय अनुभवी सिकाईको सिद्धान्त कार्यान्वयनमा स्वीकारयुक्त, सम्मानजनक भएको र यसको प्रयोग विद्यालय, आवास केन्द्र र दुर्व्यवहारमा परेको बच्चाहरुको उद्धारको लागि सफल भएको उल्लेख गरेका छन् ।

यस्ता प्रमाण सहितका मुल्याङ्कनकारी नीति सुझावका रिपोर्टले यो प्याकेज अन्य देशमा पनि विकास गर्न सुझाव दिएका जुन शिक्षक र किशोर किशोरीहरुमा प्रभावकारी रहेकोमा जोड दिएका छन् ।

युरोपेली परिषद्को महिला विरुद्धको हिंसा र घरेलु हिंसा नियन्त्रण र बचाउ महासन्धिको धारा १४ लाई पनि यो परियोजनाको स्वरुपले समावेश गर्नु प्रशंसाजनक छ । यसको दिगोपन मानव साधनको प्रणालीगत क्षमता निर्माणमा भरपर्छ र यो शिक्षाको तालिममा समावेशी छन् । त्यसै समयमा यो पद्धती र सामाग्री सबै विद्यालय र हेरविचार केन्द्रले आफ्नो शैक्षिक प्रणलीमा प्रयोग गर्नेछन् ।

सम्पर्क विवरण :

European Anti-Violence Network (EAVN)

info@antiviolence-net.eu

www.gear-ipv.eu

लैंङ्गिक हिंसा विरुद्ध कला तथा सडक प्रदर्शन, महिला आवास

लैंङ्गिक हिंसामा जनचेतना जगाउने :

महिलाको आवास एक थेसालोनिकी (उत्तरी ग्रीस) मा स्वैच्छिक समूह हो जसमा सबै प्रकारको लैङ्गिक हिंसा नियन्त्रण गर्ने दृष्टि र मानवीय चाहाना भएका स्वयमसेवकहरु समावेश छन् । यो समूह हिंसाका पिडित महिलाहरुलाई सहायता प्रदान गर्न युवाहरुहरुद्धारा गठन भएको हो । यसले महिलालाई सहायता दिने र जन समुदायमा सचेतना फैलाउने कार्य गर्छ । महिला विरुद्धको हिंसा उन्मूलनका लागि

अन्तराष्ट्रिय दिवस (नोवेम्वर २५) मा यस्तो समस्यामा सबैको ध्यान आकर्षण गराउने उदेश्यले सार्वजनिक कलात्मक कार्यक्रम आयोजना गर्दछ । यसले एक अरब जागरण अभियान जस्तो ठूलो कार्यक्रम को अवसरमा यस्ता कार्यक्रमहरुका आयोजना गरेको छ । सन् २०१२ मा शुरु भएको यो अभियाननुसार यो विश्वमा ३ मध्ये एक महिला हिंसाका सिकार रहेको विरुद्ध काम गर्न आग्रह गर्छ । ७ अरब विश्वको जनसंख्या सँगै यस्ले एक अरब भन्दा बढी महिला र केटाकेटीहरुलाई जोड्छ ।

लैंङ्गिक हिंसा विरुद्ध कला तथा सडक प्रदर्शन

ग्रीसको दोस्रो ठूलो शहरको केन्द्रीय स्थानमा विविध कार्यक्रमहरु भएका छन् । स्थानीय कला विद्यालयमा नाटक गर्न विद्यार्थीलाई पनि स्वयम्सेवकका रुपमा समावेश गर्ने कार्य आवासले गर्‍यो । एकातिर विभिन्न उमेरका ४० महिलाले One Billian Rising धुनमा तत्काल नृत्य गरेका थिए भने अर्कातिर विद्यार्थीहरु द्वारा नाटक गरेका थिए । दैनिक जीवनमा महिला माथि हुने दुर्व्यबहार र हिंसासँग सम्वन्धित चित्रहरु बनाएको थियो । तेस्रो तर्फ व्यस्त सार्वजनिक सडकमा महिलाहरुको अनुहार र शरीरमा दुर्व्यवहारपूर्ण घाउँ तथा अन्य चिन्हहरुद्धारा चर्को तथा अमौखिक सन्देश दिने चेष्टा गरेका थिए ।

भावनात्मक प्रभाव

सोझासाझा बटुवाहरु माथिको प्रभाव सजिलै देखिन्थ्यो । केही अवस्थामा त्यस्ता क्रियाकलापको प्रभाव कडा देखिन्थ्यो । बटुवाहरुको समेत आखा रसाएको थियो । कहिले पनि यस्ता कुरामा ध्यान नदिने व्यक्तिहरुको पनि उक्त कार्यक्रमको कारणले लैङ्गिक हिंसा प्रति ध्यानआर्कषण भएको थियो ।

यो सबै देख्ने व्यक्तिहरुको लागि यसको लामो समयसम्मा पर्ने असरको अनुमान गर्ने सम्भवना नै थिएन् । तर यो चाहि निश्चित थियो कि जसले उनीहरुलाई देखेका थिए तिनीहरुले स्मरण गरीरहेका हुन्छन् ।

सम्पर्क विवरण :

Konstantina Moschota

info@katagygiogynaikas.org

www. katafygiogynaikas.org

PAI.D.E.S 100: अभियानमार्फत शसक्तिकरण, एथेन्सको पारीवारिक सहायता केन्द्र, गिर्जाघर क्षेत्रको धार्मीक संगठन (KESO)

आवश्यकता भएका महिला र बालबालिकाको सहायता

सन् २०१७ देखी अहिलेसम्मा KESO द्वारा यो कार्यक्रम कार्यन्वयनमा आएको हो । यसमा क्षेत्रिय एतिकाको आर्थिक सहयोग छ । जुन साना बाच्चाहरु र तिनीहरुका आमासंग लक्षित छ ।

यो कार्यक्रमको स्वरुप भित्र KESO ले विभिन्न सहयोग र तालिम दिदै आएको छ । जसमा कानूनी परामर्श, स्वास्थ्य सेवा, दन्तसेवा र थेरापि तथा वयश्कको लागि तालिम र शिक्षा पर्दछन् । विशेषगरी लाभग्राहीहरुविच नयाँ सिप र वयश्क महिलाको शसक्तिकरणमा सहभागिता जस्ता पछिल्ला उद्देश्यहरु सफल भएका छन् ।

दुई प्रमुख विषयहरुमा यो कार्यक्रम लक्षित रहेको छ , जुन लाभग्राहीहरुलाई प्रभाव गर्ने मनोवैज्ञानिक र ग्रीकको कल्याणकारी राज्यसँग सम्बन्धित छन् । पहिलो कारकमा शिक्षक जस्ता सहजकर्ताको भुमिका मानसिक र सामुहिक मामिला सम्बोधन गर्न प्रमुख हुन्छ भने दोस्रो कारकका विषयमा फरक समयमा अत्याधिक महिला सहभागिता हुनेगरी कार्यक्रम गरिन्छ ।

पढाईको क्षेत्र

वयश्क शिक्षाको पद्धतीलाई पढाईले पछ्याउँछ, जुन भर्खरै लागु भएको हो । वयश्कहरुको व्यक्तित्वलाई पहिले नै दक्ष छ भनी कदर गर्नु र यसमा नै तालिमका विषयवस्तुको ज्ञान र सीप निर्माण गर्न सहयोग मिल्छ । सिक्न खोज्नेलाई सिकाईको पहिचान नामक प्रेरणादयिक अभ्यास र प्रणालीले सिक्ने र सिकाउने दुवैमा फाइदा लिन सकिन्छ । पहिले नै विद्यमान पृष्ठभुमिमा थप ज्ञान जोडेर सिकारु जो सिमान्तकृततथा उत्पीढित समुहको प्रतिनिधी गर्छन् । त्यस्ताको सामाजिक सम्बन्धको विकासमा यो विषयले महत्वपूर्ण प्रवर्द्धनकारी भुमिका खेल्दछ ।

यो कार्यक्रमको थप फाइदा भनेको कार्यन्वयनको लागि ठुलो लागत नभई सिमीत लागतमा पनि KESO ले आफ्नै क्षेत्र भित्र सिमीत उपभोग सामग्रिको प्रयोग गरी, शिक्षकलाई शुल्क बाट नै कार्यक्रम सन्चालन गरी सफल सक्यो ।

प्रभावकारीता र कठिनाहरु

PSI.D.E.S.100 को प्रभावकारीता मध्ये सीपको विकास र उनिहरु सम्बन्धित श्रमबजारमा प्रत्यक्ष पहुच र समग्र प्रशिक्षार्थी आत्म सम्मान बढाउदै उनिहरु विच सामाजिक संजालको विकास गर्न लक्षित रहेको थियो ।

पहिलो वर्षको कार्यक्रम संचालनमा उठेका कार्यक्रम कार्यान्वयन सम्वन्धि कठिनाईहरु जस्तै नियमहरुको पालनामा समस्या र प्रशिक्षार्थीहरुको जवाफदेहितामा देखिएको समस्यालाई दोस्रो बर्ष मा पुर्णरुपमा सम्वोधन गरिएको थियो ।

अबको आवश्यक्ता भनेको ग्रीस तथा अन्यत्र कार्यक्रमको कार्यन्वयनको लागि यस्ता कोषको मान्यता पाउनु पर्ने तिर विचार गर्न आवश्यक छ । KESO एक यथेन्सको धार्मिक संगठन हो , जसले शिक्षाको पक्षका कार्य गर्छ । तसर्थ यो अनौपचारिक कोष हो । तैपनि E.U द्धारा दिइने प्रमाणपत्र र गुणास्तरीय तालिमले बढी प्राथमिकता पाउँछ न की यस्ता जीवनभरी सिकिने तालिम र विषयमा मान्यता पाउन गाह्रो छ ।

सम्पर्क विवरण :

Mary Pini

keso@otenet.gr

www.kesoiaa.gr

एथेन्स परामर्श केन्द्र- लैङ्गिक समानताको लागी अनुसन्धान केन्द्र, स्थानिय मन्त्रमलय KETHI

महिला विरुद्ध हिसांको बचाउ र निवारणको लागि सञ्जाल

एथेन्स परामर्श केन्द्रको उद्देश्य महिला विरुद्धको हिसांबाट बचाउनु र निवारण गर्नु र यस्ता हिसांबाट उत्पीडित महिलाहरुलाई सहायता गर्नु हो । लैङ्गिक समानताको सचिवालयको निमित्त केथीले सञ्चालन गरेको १४ परामर्श केन्द्र मध्ये एथेन्स परामर्श केन्द्र एक हो ।

यस केन्द्रले महिला हिसांका पीडितहरुलाई आÇनो दक्ष कर्मचारी मार्फत निःशुल्क सेवाप्रदान गर्दै आइरहेको छ ।

जुन् सुविधाहरु यस प्रकारकाछन् :

- हिसांबाट पीडित महिलाहरुलाई साधारण र विशेष ज्ञान दिने
- लैङ्गिक आधारमा समाजिक , मनोवैज्ञानिक, कानुनी र रोजगारी सम्बन्धि प्रावधान मिलाउने
- होस्टेल, क्लिनिक, प्रहरी लगायतअन्य सहायता सुविधाका लागि पीडितलाई मार्गदर्शन गर्ने र ती ठाँउ सम्म पुऱ्याउन सुरक्षा प्रदान गर्ने
- कानुन व्यवसायी संघको समन्वयनमा कानुनी सेवाको प्रावधान मिलाउने
- लैङ्गिक समानता, यौन तथा प्रजनन् स्वास्थ सम्बन्धि विद्यालयमा अध्ययनरत छात्राहरुलाई जानकारी प्रदान गर्ने

केथीले एक सार्वजनिक संस्थाको रुपमा युनियनको नेशनल रणनितिक सिफारिश प्रणालीबाट आर्थिक सहयोग प्राप्त गर्दै आईरहेको थियो । केथी फेरी अब अर्को कार्यकाल (२०१४-२०२०) को लागी सञ्चालन हुने भएको छ ।

संलग्नता र प्रभाव मुल्याङ्कन

आफ्नो प्रथम कार्यकाल (२०१२-२०१५) मा यसले १९६० जना हिसां पीडित महिलाहरुलाई सेवा पुऱ्याएको थियो । कुल ६१०२ सत्र मध्ये, ३२०९ मनोवैज्ञानिक सहायता, १७८१ समाजिक सहायता र १११२ कानुनी सहायताका लागी सञ्चालन गरिएको थियो । यसका साथसाथै यस संस्थाले अन्य विभिन्न संघ-संस्थासँग आवद्ध भई विभिन्न सञ्जाल बनाउने र सचेतना अभिवृद्धि गराउने कार्य सञ्चालन गरेको थियो ।

यस्ता कार्यहरुले समाजमा निम्न योगदान पुऱ्याएका छन् :-

- महिला हिसांको घटना खुलस्त रुपमा बाहिरिदैँ
- विभिन्न किसिमका महिला हिसांलाई समाजिक समस्याको र आपराधिक कार्यको रुपमा स्थापना गरिएको
- देशका विभिन्न स्थानमा रहेका परामर्श केन्द्रमा महिलाको पँहुच बढ्दो
- विभिन्न निकाय, संघ-संस्थाहरु एक आपसमा जोडिएको

केथीले सञ्चालन गरेका बाँकी परामर्श केन्द्र सरह यस एथेन्स परामर्श केन्द्रलाई पनि लैङ्गिक समानता र महिला हिसां विरुद्धको नीतिको जुन यस्ता कार्यक्रमका लागि अपरिहार्य हुन्छ ।

सम्पर्क विवरण :

polykentro@isotita.gr

www.kethi.gr

मलाकासमा महिला शरणर्थीको लागी शिविरको व्यवस्था, महिला समस्याहरुको अनुसन्धानको लागी डिओटिमा केन्द्र- (DIOTIMA)

महिला शरणार्थीको आवश्यकतामा सम्बोधन

हजारौं शरणार्थी मूख्यतया मध्यपूर्वी र दक्षिण एसियाबाट ग्रीस आएका बेला DIOTIMA २०१६ देखी शिविरमा महिला शरणार्थीहरुलाई सहायता प्रदान गर्दै आएको छ । DIOTIMA ले लामो समयदेखि मलकासामा रहेको एक शिविरको उदाहरण दिई चर्चा गर्दछ ।

शरणार्थी शिविरमा हूने लैंगिक हिंसाका मूद्दा व्यवस्थापनमा जिम्मेवार NGOs को रुपमा डिओटिमा रहेको छ । आफ्ना देश देखि, यात्रा हूदै शिविरसम्ममा हुने सबै हिंसा पिडीत महिलाहरुलाई विशेष प्रकारको सहायता यसले प्रदान गर्दछ । यसका अलावा DIOTIMA ले महिलाहरुको एकिकृत सहायता, नागरिकताको अधिकारमा शसक्तिकरण र जिवनका समस्याहरुसंग सामना गर्न सहयोग गर्दछ ।

रब हल

महिला मैत्रीपूर्ण क्षेत्रको रुपमा २५० माइल को क्षेत्रफलमा शिविरको यो रब हल सबै महिलाहरुको लागि खूल्ला छ । दिनको निश्चित घण्टामात्र खूल्ने यो हलको कार्य शिविरका महिलाका लागि क्रियाशिल छ । निश्चित समयमा संचालन हूने ग्रीक तथा अंग्रेजि भाष सिकाई, सिलाई बूनाई र कम्प्यूटरका कक्षाहरुमा महिलाहरु सहभागी हून पाउछन् । यसबाट उनीहरुमा शिपको विकास भई स्वावलम्बन बनाउको साथै अन्य कर्मचारी र राम्रो सम्बन्ध स्थापनामा पनि सहयोग गर्छ ।

विशेष प्रकारको सहयोग खोज्ने महिलाहरुको लागी DIOTIMA ले कानूनी र मनोवैज्ञानिक, आवश्यकता पहिचानसंगै समयानूकूल बाह्य सहायता पनि प्रस्ताव गर्छ । अन्त्यमा पद्धतिमा भएको खाडलको पहिचान गरि लैंगिक हिंसाका पूरुष पिडितहरुलाई पनि सेवा गर्न शूरु गरको छ ।

यसले सेवा संचालन गर्न थोरै धेरै आर्थिक सहायता विभिन्न सघसंस्थाहरु UNHCR and Secours Islamique France बाट पाइरहेको छ ।

संलग्नताको मूल्यांकन

क्याम्पमा आफ्नो दैनिक प्रतिनिधित्व स्थापित गर्न सस्थाहरुले रब हल मार्फत सफल भए जुन संस्थाहरुको महिलाहरुको लागी सहयोग गर्ने मूख्य प्रयासमा थियो । यस शिविरमा सहभागि हूदै आएका मलाकासाका महिलाद्धारा यो स्विकारयूक्त हून केहि समय लाग्यो । तर अहिले यस शिविरको सूरक्षा र

समन्वयका लागि संस्थाहरु लाई पूर्ण रपमा स्वीकार गरिएको छ । यस्तो संलग्नता आपतकालिन र लैंगिक हिंसाका मूद्दामा बढि प्रभावकारी देखिन्छ ।

शिविरभित्र उथलपूथल हुने आन्तरिक जनसंख्या यसको मूख्य चूनौति हो जसले सहयोग गर्ने संस्थाहरुलाई महिलाहरु संग सम्बन्ध स्थापित गर्न कठिनाई भईरहेको छ । कहिले धेरै कहिले थोरै, असामान्य रुपमा अरु देश र शिविरमा जाने, कोहि ग्रीसमा स्थायी रुपमा समायोजन हुन चाहने जस्ता यावत समस्या छन् ।

महिलाको लागि समयानूकल सार्वजनिक आवास यसको अर्को चूनौति हो । ठूला सहरका शिविरहरुमा पनि धेरै सूविधाहरुको अभाव छ जस्तै ईन्टरनेट, भाषागत दक्षता भएका व्यक्ती । अन्य सामाजिक सेवाको पँहूचका हिसावले महत्वर्पूण मानिने महिलाहरुले ठूला शहरको शिविरलाई प्राथमिकता दिन्छन, । प्रहरीसंगका DIOTIMA को सहकार्य र वार्तालाभ विस्तारै स्थापित हुदै गएको छ, जसले आपतकालमा प्रहरीको प्रत्यक्ष संमलग्नताको अपेक्षा राख्दछ । यद्यपि प्रहरीहरु भाषागत समस्या र अन्य प्रकारको विवाद बढ्ने डरले शिविर भित्र जान डराउछन जसलाई पुरा गर्न संस्थाहरुले सहजीकरण को भुमिका खेल्दै आएका छन् ।

सम्पर्क विवरण :

Elia Charidi

charidi.diotima@gmail.com

www.diotima.org.gr

भारत

अवाज देऊ अभियानमा : महिला विरुद्धको हिंसाको समाधानका लागि युवाको सहभागिता - समाज विकासको लागि संस्था ओडीसा, भारत (Speak Up)

परिर्वतनकर्ता युवाको एक अभियान :

ISD नामका संस्थाद्धारा सन् २०१३ मा ओडिसा शहरमा आवज देऊ भन्ने अभियानको सुरुवात गरेको थियो । जसले परिवर्तनकर्ता युवाहरुलाई सहभागी गराई प्रशिक्षण समेत दिई महिला हिंसाको अन्त्यको लागि जनचेतनामुलक कार्यक्रमहरुमा सहभागि गराउन मद्दत गरेको छ । डिसेम्बर २०१२ मा दिल्लीमा भएको सामुहिक बलत्कारको घट्ना पछि ISD ले महिला हिंसा विरुद्धका विषयलाई प्राथमिकताका साथ पुरुषहरुको संलग्नतालाई समेत ध्यानमा राखी ओडिसाको १५ जिल्लाहरुमा जनचेतनामुलक कार्यक्रम संचालन गर्न थालेको हो । अभियानको सुरुवातमा युवाहरुमा लिङ्ग भन्ने शब्दको साङ्गुरो ज्ञान सम्म मात्रै रहेको पाइयो उनिहरु यो शब्दलाई महिला र पुरुषको भिननता लाई परिभाषित गर्न मात्र प्रयो गर्ने गरेको पाईएको थियो । लैगिंक हिसा अन्त्यका लागी यस विषयमा शहरका पिछडीएका क्षेत्र र गाउँ दुवै क्षेत्रका युवाहरुलाई सिकाईको लागी स्थान तथा अबसर दिन आवश्यकता देखियो ।

आवज देऊ क्रयाकलापहरु :

ISD ले आवज देऊ अभियानमा क्याम्पस पढ्दै गरेका युवाहरु विशेषगरी पुरुषहरुको सहभागिता जनाउन उल्लेखित तरिका अपनायो ।

आवसिय क्याम्प :- ११ वटा जिल्लामा १५ शहर तथा गाउँका विद्यालयहरुका करिब ३०० युवाहरुलाई प्रत्येक वर्ष राजधानी भुवनेश्वरमा ३ दिन आवासिय क्याम्प संचालन गरियो । लैगिंक समानता र लैगिंक हिसा अन्त्यका लागी ११०० परिवर्तनकर्ताहरुलाई सहभागी गराईएको थियो ।

परिवर्तनकर्ताहरुको संजाल विस्तार :- ISD ले परिवर्तनकर्ता युवाहरुको संजाल विस्तार एंवम संगठित बनाउन मद्दत गर्दछ र लगातार यसले नैतिक एवंम अन्य सहयोग पुऱ्याउँदै आएको छ ।

परिवर्तनकर्ताहरु संग अन्तरकृया :- लगातारको विद्यालयहरुमा तथा क्याम्पसहरु परिवर्तनकर्ताहरु संगको अन्तरकृयाले उनीहरुको सोचमा परिवर्तन ल्याएको छ । जुन कुरा विद्यालयहरु तथा क्याम्पसहरुका प्रशासन ले समेत मान्यता दिएको छ । विद्यार्थीहरुले अनिवार्य रुपमा लैंगिक समानता, सचेतनामूलक तालिममा सहभागी हुनुपर्ने गरिएको छ र खेलको माध्यबाट विद्यार्थिहरुलाई लैङ्गिक विषयमा प्रशिक्षण दिने गरिएको छ ।

लैगिंकता सम्बन्धि समय सिमा : ओडिशाको मुख्य समस्याको रुपमा वाल विवाह रहेको छ । जहा यौन शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि अति न्यून सचेतना रहेको छ । यस अभियानले नाटकको माध्यमबाट क्याम्पसका विद्यार्थीहरुलाई लैगिंकता सम्बन्धि कार्यक्रम सन्चालन गरी यौन शिक्षा तथा प्रजनन स्वास्थ्य प्रभावकारी रुपमा सो सम्बन्धमा खुलेर बोल्नको लागी उत्साहित गर्‌यो ।

अभियानको लहर: यो अभियानले क्याम्पस बाट शुरु गरेर समुदाय हुदै घरघर सम्म यस बिषयको वारेमा युवा वर्गको अन्तकृया गराएको थियो ।

आवाज देऊको वृहत प्रभाव :-

४ वर्षको अन्तरालमा यस अभियानको राज्य स्तरमा नै विश्वास र वर्चस्व कायम राख्न सफल भएको छ । यस अभियानले थुप्रै सम्बन्धित निकायहरु जस्तै क्याम्पस, शिक्षक, युवा तथा उनिहरुका परिवार, समुदायका सदस्यहरु ,आर्थिक सहायता दिने अक्सफाम भारत आदीबाट साथ र सहकार्य पाएको छ ।

शैक्षिक संस्थाहरु महिलाको लागि सुरक्षित स्थलको रुपमा स्थापित गर्न सफल भएको छ । जहाँ यो अभियानमा विद्यार्थी संलग्न भएका छन त्यहाँ यौन दुर्व्यवहारमा घटनाहरु व्यापक रुपमा घटेका छन् । महिला विद्यार्थीहरुको संख्या बढ्न थालेको छ र महिला र पुरुष विद्यार्थिहरुको विचमा स्वस्थ अन्तकृया हरु हुन थालेका छन । यस अभियानले युवा परिवर्तनका प्रर्वद्धकहरुको जमातको सृजना गरी स्थानिय तहमा लैगिंक समानताकालागी र सहायताका लागी परिचारिलन गर्‌यो ।

यस अभियानले रयागाढा, कान्धामल र कलाहान्टडी जिल्लाहरुमा समेत महिलाहरुको गतिशिलता तथा सहभागिता बढाएको छ । उनिहरुको परिवारको मानसिकतामा परिवर्तन गर्न सफल भएक्रे हुदा उनिहरु उच्चशिक्षा मा निरन्तरता बढेको छ । वालविवाह रोकीएको छ।

यस अभियान सन्चान भएका क्षेत्रका महिलाहरु वैक तथा वित्तिय संस्थामा जान थालेका छन, मलिाहरुलाई पारिवारिक मामिलाहरु जस्तै सम्पत्ति सम्बन्धि निर्णयहरु समेतमा सहभागि गराउन थालिएको छ, पुरुषहरुले घरव्यवहारमा कामहरुमा संलग्नता जनाउन थालेको छ ।

सँच्चै भन्नुपर्दा अहिले क्यापस फेरिएको छ । अहिले हामी संधै विधालय जान्छौं । पुरुषहरुबाट त्यस्तो केही असहज व्यवहार हुदैंन र यो पुरुषहरुमा आएको परिवर्तनले गर्दा सम्भव भएको हो । अहिले उनीहरु हाम्रो कुरा बुझ्ने गर्छन् र साथित्वको व्यवहार देखाउँछन् । यो सब आवाज देऊ अभियानमा भएको सहभागिताले सम्भव बनेको हो ।

सम्पर्क विवरण

institite for soual development

Isd-bbsr @rediffmail.com

लैगिंकता र पुरुषत्वलाई बुझ्न संचारको प्रयोग महाराष्ट्र भारतमा युवाहरुसंगको सहकार्य - SAMYAK

पोष्टर बनाउने अभियान :-

SAMYAK नामक गै.सं.ले सार्वजनिक तथा निजि स्थलहरुमा हुने लैंगीकता, पुरुषत्व तथा महिला विरुद्धको हिंसा जस्ता विषयमा युवाहरुको साथ काम गरिरहेको छ । सन् २००८ यसको लागि पोष्टरहरु बनाई संचारमाध्यमबाट वा मिडियाको सहयोगमा सामाजिक न्याय स्थापनार्थ काम गरेको छ ।

SAMYAK लाई विश्वास छ की यस्ता विषयहरुमा पुरुषहरुको संलग्नता बढाएमा यसको फाइदा दिगो रुपमा रहने छ र महिला विरुद्धको हिंसा बन्द गर बाट महिला बिरुद्ध हिंसा नगर मा रुपान्तरण हुन सक्छ । त्यसकारण SAMYAK ले आफ्ना कार्यक्रमहरुमा पुरुषहरुको सहभागितालाई जोड दिई विभिन्न प्रशिक्षणजन्य कार्यक्रमहरु भारत तथा दक्षिण एशियाली मुलुकमा नै संचालन गदै आएको छ ।

युवा सम्बन्धी कार्यक्रमहरुलाई पुरुषत्व र लैङ्गिक कामहरुमा सम्मिलन गर्ने :-

SAMYAK ले सन् २००८ देखी २००९ सम्म १८ जना मध्यम स्तरमा युवालाई पहिचान गरी पुने शहरको एक क्याम्पसमा परिचालन गर्‌यो। उनिहरुले क्याम्पसमा यौनिकता, एच.आइ.भि.एड्स र जोखिम लिने बानी व्यवहार को सम्बन्धमा संचेतना फैलाउने काम गरे । उनिहरुले युवाहरुलाई पुरुषत्व, पितृसत्ता र लैङ्गिकता, लैंगिक भूमिका तथा दायित्वको वारेमा गहिरीएर सोच्न तथा महसुशिकरण गराउनलाई उत्साहित गर्‌यो ।

SAMYAK ले युवाहरुलाई पुरुषत्व तथा लैङ्गिक भुमिकाहरुमा खुलेर बोल्न सहयोग गरेको छ र यस विषयमा सचेत समेत बनाउन ठुलो भुमिका खेलेको छ । यस विषयमा प्रशिक्षक दिने क्रममा युवाहरुको बुझाई र सिकाई लाई इंकीत गर्ने गरी विभिन्न पोष्टरहरु बनाइए जसले स्थानिय एवंम अन्तंराष्ट्रिय स्तरमा समेत राम्रो छाप छोड्न सफल बन्यो । जस्तै : के महिलाहरु आफ्नो लुगाको कारणले बलात्कृत हुन्छन् ? महिलालाई आफ्नो सुरक्षाको लागी खुसानीको धुलो र चक्कु दिईएको विषयलाई लिएर पोष्टर वनाई के महिलाको सुरक्ष प्रति राज्य र पुरुषको कुनै जिम्मेवारी छैन ? भन्ने सन्देश स्थानिय स्तर देखी अन्तराष्ट्रिय स्तर सम्म सुचना प्रवाह गरिएको थियो ।

संचारको संलग्नता

पूरुषत्व र लैंगिकतामाथि बूझाईको अलवा यो प्रक्रियाबाट विकसित अन्य सिद्धान्तमा, संचार आफै संलग्न हुन सक्छ, र संचार आफैको संलग्नताबाट कार्यक्रमलाई सहयोग हुने संयन्त्रको प्रयोग हुने आवश्यकता पनि हुन्न । Samyak संचारको संस्था भएता पनि पोस्टर बनाउने माध्यमबाट यसको महत्व सफलदायी रुपान्तरणको रुपमा रहेको छ ।

यसको ध्यान छलफल, गोष्ठि र तालिम गरेर समय खेर फाल्नमा भन्दा जन समुदायमा पुग्नमा नवीन साधनहरु प्रयोग हुन आवश्यक छ तर्फ भयो । त्यसकारण पोस्टर बनाउने कार्य लाई नै बढि प्राथमिता दिनेमा नै यो केन्द्रित छ ।

प्रभावकारिता

यो कार्यले सोचेको भन्दा पनि राम्रो प्रतिक्रिया पाएको छ । मारथिमा कलेज यूवाको सहयोगमा ३ समाचारपत्रको विषय ल्याएको छ । समाचारपत्रकारहरुले यूवाहरुको आपतिजनक कुरा र यो सार्वजनिक हुने डर जस्तै एड्सको, लिंगको, पुरुषत्व जस्ता विषयमा यूवाहरुसंग कार्य गर्न खोजिरहेका छन् । कलेजहरु महिलाका लागी सुरक्षित बनाउन विद्यार्थी र युवाहरुद्धारा विना आर्थिक सहयोग ३, ४ वर्षदेखि संयकले संचालन गरिरहेको छ । यूवाहरुको सहभागिता सवै विकासका चरणमा महत्वपूर्ण हुनेमा सावित गरेको छ ।

सम्पर्क विवरण :

SAMYAK

samyak.pune@gmail.com

www.samyakindia.org

लैंगिक समानता कायम गर्न पूरुषको सहनभागितालाई बढवा दिने समझदार जोडिदार परियोजना, स्वास्थ तथा सामाजिक न्याय केन्द (CHSJ)

महिला अधिकारमा पूरुषको सहकार्य

२०१० देखि १५ बाट लैंगिक असमानतालाई सम्बोधन गर्न CHSJ र ५ स्थानिय साझेदार संस्थाहरुद्धारा महाराष्ट प्रान्तको १०० गाँउहरुमा समझदार जोडिको रुपमा यो परियोजना लागु भएको हो । घरेलू हिसां र समाजमा महिलाको कम अस्तित्वका विषयमा सम्बोधन गर्न पूरुष तथा यूवाहरुसगं कार्य गरियो ।

UNFPA को सहयोगमा CHSJ ले यस विषयमा पूरुष सहभागिता गर्न सफल भएको छ । यसको उद्देश्यशरुमा

- परिवारमा हूने लैंगिक हिंसा र भेदभावपूर्ण व्यवहार घटाउने
- निर्णयमा महिला सहभागितालाई जोड दिने
- यस्ता विषयमा पूरुषको ज्ञान, विचार र व्यवहार सूधार्ने

- प्रजनन स्वास्थमा पूरुषको सहभागिता बढाउने

प्रमूख रणनीतिहरु

प्रस्तूत उद्देश्हरु पूरा गर्न यस परियोजनाको निम्न रणनितीहरु लागू छन् ।

- समूदायको गतिशीलता
- सामूदायिक शिक्षा र जन जागरणको अभियान
- सामूदायिक कार्यमा नेतृत्व
- सेवा प्रदान गर्नैहरुसंग सर्म्पक
- मेन्टरसिपको अप्रोच वा प्रयोग

पूरुषत्वको परिवर्तित मान्यताहरु

यो परियोजनाको २०० पूरुषको समूह बनायो जून निकै प्रभावकारी छ । यसले स्पष्ट रुपमा घरायसी र व्यक्तिगत जिवनमा धेरै प्रभाव पारेको छ । कम हिंसात्मक व्यवहारमा मात्र परिवर्तन नभई परिवार र गाँउमा हुने लैंगिक भेदभावको अभ्यासमा पनि उल्लेखनिय सम्बोधन गरेको छ ।

घरायसी कार्यमा पूरुषलाई पनि जिम्मेवार बनाउनु जस्तो जटिल कार्य पूरा गर्न सफल भएको छ । पूरुषहरु यस्ता कार्यमा संलग्न हुन लागेका कुरा विभिन्न उदाहरणबाट प्रष्ट भएको छ । छोरीको वालविवाह र दाइजो दिन र लिन रोक लगााउने, केटिहरुको उच्च शिक्षामा जोड दिने, श्रीमतीलाई घरबाहिरको कार्यमा जान पनि उत्साहित गर्ने, घरमा सम्पति अधिकार समेत अन्य कुरामा संगै निणर्य गर्ने र पहिलो पटक प्रजनन स्वास्थमा पूरुषलाई समेत सक्रिय बनाइएका छन् । यी परिवर्तनहरुको साथमा जन धाारणामा पनि परिवर्तन भएको छ ।

सम्पर्क विवरण :

Centre for Health and Social Justice

chsj@chsj.org

www.chsj.org

किशोर वार्ता (युवा संचार), युवाहरुको लागी मोबाइल फोनमा आधारित कार्यक्रम (CHSJ)

परिवर्तनको लागी प्रविधिको प्रयोग

जूलाई २०१५ मा CHSJ ले ४ वटा हिन्दी भाषाका मोबाइल फोनमा आधारित अडियो कथाहरुको प्रयोग शूरु गर्‌यो, । ग्रामिण राजस्थानमा रहेको किशाोर यूवाहरुलाई लक्षित गरी बनाईको यो अडियो कथा डायल गर्ने र सुन्ने हो । CHSJ द्धारा लैंगिकता, स्वास्थ, र यौन प्रजनन स्वास्थ सम्बन्धि समस्यालाई सम्बोधन गर्न बेसलाईन सर्वेक्षणलाई पछ्‌याउदै यो योजना विकास भएको हो । फोन गर्ने व्यक्तीले १० देखि १२ मिनेटसम्म मनोरंजनात्मक सन्देशमुलक कथाहरु सुनी अरुलाई पनि पठाउन सक्नेछन् । सकारात्मक परिवर्तनको पहलको लागी युवाहरुको भुमिकामा आधारित यी सवै सामाग्रीहरु सान्दर्भिक सामाजिक विषयहरुमा लक्षित छ ।

यो कार्यक्रम पुरुष युवाहरुको सहभागितामा राष्ट्रिय अभियानको रुपमा लैंगिक समानता सिर्जना गर्ने तिर क्रियाशिल अभियान हो ।

आधुनिक टेलिफोनिसंग पुराना कथावाचकहरुको संयोजन

सक्रिय र सार्थक सन्देशहरुको आदानप्रदानबाट ज्ञान सिर्जना र लैंगिक, यौंन प्रजनन स्वास्थ्यका सामाग्रीमा क्रियाशिल रहनको लागी साझा मंञ्च खडा गर्न यस अवधारणाको विकास भएको हो । यसका निम्न विशेषताहरु छन् ।

- डिजिटल IVRS मञ्चको प्रयोग गर्ने
- दोहोरो संचारलाई बढवा दिन
- किशोरवार्ता फेसबुकको विकास गर्न

उपलब्धिहरु

यस कार्यक्रम शूरु भएदेखि नै यी सामग्रीहरुमाथि अथाह उत्साह पैदा भएको छ । कलरहरुको संख्या बढेर झण्डै एक हजारका रहेको छ । तिन महिनामा टोल फ्रि नम्बरमा पचासहजार कल दर्ता भएको र छ हजारले सूझाव प्रतिक्रया दिएर सहभागिता देखाएका छन् । यसरी सीमित साधनमा पनि यो सफल भएको छ ।

- यस किशोरवार्ताको प्रभाव समूदायमा सफल र सक्रिय रहेको पाइन्छ ।
- धेरै क्षमता भएका यूवाप्रति यो लक्षित छ ।
- बाल विवाह र छिटो विवाहका चूनौतिहरुका बारेमा छलफल हुन्छ ।
- केटाहरुबिच घरायसी कामहरुबारे कुरा गर्छन् ।
- किशोरकिशोरी स्वास्थ्यमाथि रहेका गलत र भ्रमपूर्ण मामिलामा कुरा हुन्छ ।
- किशोर किशोरीद्धारा दैनिक रुपमा शारीरिक तथा यौन स्वास्थ्यका बारेमा कुरा हुन्छन् ।
- विशेष गरि आन्तरिक समूहद्धारा आयोजित कार्यक्रममा हिंसा, यौनिक उत्पिडन इत्यादि विषयमा छलफल हुन्छन् ।

लक्षित वर्गहरुको समुदायको भाषिक, साँस्कृतिक र आर्थिक बनावटलाई मध्यनजर गरी यो कार्यक्रम निर्माण गरिएको हो जसमा कार्यक्रमको सफलता रहन्छ । यसले स्थानिय स्तरका यूवाहरुलाई चेतना प्रदान गर्ने गर्छ । सहभागीहरुको पहिचानलाई गोपनिय राख्नु, लैंगिकता र प्रजनन तथा यौन मामिलामा यूवाहरुको लागी उपयुक्त वातावरण सिर्जना गर्ने व्यवस्था गर्दछ । सामाजिक समावेशिता र सामाजिक न्यायका मामिलामा स्थानिय स्तरमा विषयहरु रहेका छन् । किशोर वार्ताले देखेको प्रमूख खाली ठाउँ वा अभाव यो होकि, जिल्लाका शैक्षिक अधिकारीहरुले जिल्लाको सवै उच्च मा.वि.हरुमा यो कार्यक्रकलाई स्वीकार गरेका छन् ।

सम्पर्क विवरण :

Centre for Health and Social Justice

chsj@chsj.org

www.chsj.org

तरंग महिनावारीको चक्र तोड्न उन्मूख किशोरी यूवतीहरु **TARANG:** SAHAYOG

किोरी युतीहरुको सपना साकार

TARANGA परियोजनासंग ४ हजार किशोरी महिलाहरु आबद्ध छन् । मेरे सपने मेरी उडान नामक अभियानमा महिनावारी सरसफाईको व्यवस्था जस्तो सामाजिक मुद्दा स्थापित गर्न सक्षम भएको छ । उनिहरु आफु र आफ्ना परिवार परिवर्तन गर्न लागी परेका छन्, जसमा आत्मविश्वासमा बढवा, सपनालाई पूर्णता र महिनावारीमा हुने भेदभावको विरुद्धमा उठ्ने परिवर्तनहरु पर्दछन् ।

स्थानिय समूदायमा आबद्ध साझेदारी संस्था (Vimarsh, Bundelkhand Development Foundation, GramyaSansthan, ShikharPrashikshan Sansthan) हरुको मिलेमतोमा SAHAYOG द्धारा उतरप्रदेश र उत्तरखण्डको प्रान्तमा फोर्ड फाउण्डेशनको तरंग परियोजनाले २०११ देखि १७ सम्म ६ वर्षको लागी कार्य गर्दै छ ।

यूवा सहभागितालाई बढवा दिन तरंगले भारत सरकार सबला सबै योजनामार्फत कार्यान्वयन, अनूगमन र वकालतमा योजना बनाई ११ देखि १८ वर्षका युवतिहरुमा लक्ष्य लिएको छ ।

महिनावारी सम्वन्धी गलत कुरीतिहरु (Taboos)

अझै पनि पूराना रुढिवादि अन्धविश्वास प्रथाले गर्दा महिलाहरुले महिनावारी हुने प्रक्रियालाई अशुद्ध र फोहोरी को संज्ञा दिन्छन् प्रतिफलस्वरुप उनीहरु अन्यायको सामना गरिरहेका र भैरहेका छन् ।

यो योजना लक्षित समूदायका महिलाहरुमा महिनावारी हुँदा छुटै गोठमा बस्नूपर्छ जून भगवानद्धारा नै आदेशित हो भन्ने विश्वास रहिआएको छ र यो गर्न महिलाहरु बाध्य छन् । धेरै महिलाहरु महिनावारीको समयमा आफ्नो अनूहार र टाउको छोप्ने गर्दछन् । यी यावत विषयमा बोल्नु र समाजमा यसको विषयमा कुराकानी गर्नु लाई अझ पनि निषेधित मानिन्छ ।

किफायति चर्पि, पानी र डस्विन जस्ता उचित सूविधाहरुको अभावले गर्दा कति किशोरीहरुले स्कूल बिदामा लिने वा सधैको लागी छाड्ने गरेका छन् । यसको अर्थ यस्ता केटि र महिलाहरुमा महिनावारी सम्बन्धि अनविज्ञ रहनु हो ।

परिवर्तनका लागी नव सामाग्री र समूह छलफल

यो परियोजनाको मातहतमा लैंगीक भेदभाव, महिला शिक्षा, गतिशिलता र पोषण, महिनावारीमा सरसफाई तथा ढिलो विवाह र प्रथम गर्भावस्था जस्ता मामिलामा सहजकर्ताद्धारा समूह गठन गरी महिनामा २ पटक बठैक गर्ने गर्दछन् । धेरै प्रकारका सामाग्रीहरुको प्रयोग यो परियोजनामा गर्ने गरिन्छ । जस्तै लै.गिक पात्रो, पोषण पात्रो, तरंग ऱ्लायर, साप सिडी खेल, उमंग, युवा तरंग, महिनावारी चक्र पात्रो आदी ।

सहजताका लागी जोडी देखि सीकाईका लागि जोडी भन्ने जोडका साथ आवासिय क्षमता निर्माण सेसन पूरा गर्न समूहबाट नै जोडी नेता चयन हुन्छन् । पछिल्लो ६ महिनामा नजिकका गाँउहरु र छिमेकीहरुविच अन्य युवा युवति, अभिभावक र सरोकारवालाहरुको सहयोगमा महिनावारीमा सरसफाई व्यवस्था गर्न “मेरे सपने मेरे उडान” अभियान समूहले चलायो ।

सडक खेल, पुतलि खेलाई, वहस, चित्रकला, भितो लेखाई, साइकल र्‌याली, विचार विमर्स जस्ता फरक संचारका माध्मद्धारा सम्बन्धित संचारका माध्यमद्धारा सम्बन्धित क्षेत्रका व्यक्तित्वहरुसंग यस विषयमा जागरण गर्ने र वकालत गर्ने गर्‌यो ।

परियोजनाका सहजकर्ताहरुले समूह सदस्यका केहि सघर्षका कूराहरु वा नोटबूक पता लगााइ बुक्लेटमा राख्ने काम पनि गरयो ।

युवतिहरुलाई आवाज दिनु

महिनावारीमा सरसफाइको लागी तरंगले जागरण फैलाउदै आएको छ, र किशोरीहरुलाई समाजमा आफ्नो आवाज उठाउन सहयोग गर्दै आएको छ । यसले गर्दा व्यक्तिगत र सामूहिक स्तरमा परिवर्तन भैरहेका छन् । यस्ता विषयहरुमा आवाज उठाउन र टबोज, अन्धविश्वास र दमनकारी प्रथाको सामना गर्न युवतिहरुको शसक्तिकरण गर्ने कार्य यसले गरेको छ र भएका पनि छन् ।

SAHAYOG को संलग्नतामा तरंग मार्फत

- किशोरीहरुको स्वास्थ र अधिकारका बारेमा जानकारी वृद्धि गर्ने र शसक्तिकरणमा सहजिकरण गर्दछ ।
- साझेदारीसंग कार्य गर्दै प्रत्यक्ष प्राविधिक सहायता र क्षमता अभिवृद्धि गर्दछ ।
- स्थानिय समुदाय, प्रशासन र कार्यालयहरुविच महिलाहरुको स्वास्थ्य र अधिकार सम्बन्धि स्थानिय जागरण जगाउदछ ।

सम्पर्क विवरण :

Sahayog@sahayogindia.org

मडागास्कर

युवा महिला नेतृत्व कार्यक्रम - पहिलो युवा

लैङ्गिक व्यवधानहरुको अन्त्य

यस कार्यक्रमले महिलाहरुको नेतृत्व विकास गरी महिलाको क्षमताअनुसार अगाडी बढन सक्ने बनाउन लैङ्गिग व्यवधानहरु अन्त्य गर्ने उद्धेश्य लिएको छ । यसमा १५-२४ वर्ष समुहका युवातीहरुलाई सहभागी गराइन्छ ।

मडागास्कर एक पितृसत्तात्मक समाज हो । अझै पनि महिलाको भुमिका र क्षमतालाई अवमुल्यन गरिन्छ । कुनै व्यवसायीक क्षेत्रमा महिलालाई नियुक्त गर्न अझै पनि हिच्कीचाइन्छ । यस कार्यक्रमले महिलालाई आफ्नो दक्षता र क्षमता अभिवृद्धि गरी पुरुषहरु सरह हुन भन्ने भावनाको विकासमा सहयोग पुऱ्याएको छ ।

नेतृत्व विकास कार्यक्रम

यस संस्थाले ४ महिने कार्यक्रममा विभिन्न प्रशिक्षणहरु प्रदान गरिन्छ । पहिला त यसले व्यक्तिगत विकासमा सहयोग पुऱ्याउदछ र त्यस पश्चात आत्मनिर्भर बन्न सहयोग गर्दछ । विभिन्न क्रियाकलापहरुबाट महिलाको व्यक्तित्व र सामुदायिक नेतृत्व विकासमा सहयोग गर्दछन् । कार्यक्रमको अन्त्यमा उनिहरु आफै परियोजनाहरु विकास गर्ने र कोषको परिचालन गरी आत्मनिर्भर बन्दछन ।

उपलब्धी र चुनौतिहरु

विगत २०११ देखि २२ युवतीहरुको समुह बनाई ७ समुहलाई यस कार्यक्रमबाट प्रशिक्षण दिइयो । यस कार्यक्रमले महिलालाई आफु को हो र के चाहन्छु । भन्ने बारे पहिचान गर्न सहयोग गऱ्यो । यसले उनिहरुलाई आफ्नो लक्ष्यसम्म पुग्नका लागी शिपमुलक संयन्त्रहरुको प्राप्तीमा सहयोग गर्‌यो । जसले गर्दा उनिहरुको दृष्टिकोणमा परिवर्तन भयो जुन भविष्य निमाणको लागी दिगो बन्यो । प्रत्येक तालिमको अन्त्यमा प्रभावकारितालाई औपचारिक रुप दिन पृष्ठपोषण र सुझाव लिइन्थ्यो जसले पछिल्ला कार्यक्रम लाई सुधार गर्न सहयोग गर्‌यो ।

यसले महिलाहरुलाई आफ्नो मुल्याङ्कन गर्न समेत सहयोग गरेको छ । जिवनमा केही लक्ष्य सहित अगाडि बढ्न प्रेरित गरी आर्थिक रुपमा समेत शसक्त हुन मद्धत गरेको छ ।

सम्पर्क विवरण :

Tina Razafinimanana

tina@youthfirstmadagascar.org

मानव बेचविखनका पिडितहरुलाई सहायता - **IOM**

मडागास्करमा वेचविखनका घटना

US State Department, 2016 को रिपोर्ट अनुसार हजारौं मलागासी महिलाहरु लेबनान, कुवेत र साउदी अरबमा घरेलु कामदारका रुपमा रहेका छन् । त्यस्तै IOM ले थुप्रै सङ्ख्यामा मलागासी महिलाहरु चिनमा जबरजस्ती विवाह गराइने गरी वेचविखनमा परेको कमि सचेत गराएको थियो ।

सन् २०१५ देखि IOM ले विभिन्न मन्त्रालयहरुको सहकार्यमा त्यस्ता वेचविखनमा परेका पिडितहरुका लागि काम गरिरहेको छ ।

आर्थिक सहायता

IOM द्वारा मानव वेचविखनमा परेका पिडितहरुलाई पुनः उत्थानका लागि आर्थिक सहायता प्रदान गरिने गर्दछ । विशेषगरी पिडितहरुको अत्याधिक आवश्यकताका विषयलाई ध्यानमा राखिन्छ । अन्तर देशिय वेचविखन भएको अवस्थामा यस्तो आर्थिक सहायता प्रदान गरी पिडितलाई देशमा ल्याउने काम गरिन्छ ।

यस्तै गरी महिलाहरुलाई आत्म निर्भर वनाउन का व्यवसायिक तालिम प्रदान गर्न समेत आर्थिक सहयोग दिईन्छ ।

IOM: ले स्थानिय सरोकारवालाहरुसंगको सहकार्यमा दिगो स्थानीय सहायता सञ्जाल निर्माण गरी पहिचान तथा सहायताको सेवा प्रदान गर्ने संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्दछ ।

भविष्य निर्माण

सन् २०१५ र २०१६ को विषयमा करिब ४० पिडितहरुले (तीन पुरुष समेत) सहायता पाएका थिए भने २०१६ को अक्टोबर देखि करिब १५ पिडितहरुले सहायता पाएका छन् । यस किसिमका सहयोग कार्यक्रमहरुबाट दिगो लाभ लिने पिडितहरु सफल भएका छन् ।

यस कार्यक्रमबाट थाहा पाईएको मुख्य अप्ठ्यारो के हो भने दुर्व्यवहारका शिकार भएका पिडितहरुलाई निकै ठूलो पारिवारिक र सामाजिक दवाव रहेको हुन्छ । उच्च आर्थिक आम्दानी सिर्जित हुने काममा संलग्न बन्नका लागि तर त्यस्तो निकै कम मात्र सम्भव हुने गर्दछ किनभने ठूलो रकमको लगानी र लामो समयको तालीम वा पढाई पश्चात मात्र त्यो सब सम्भव हुने गर्दछ । यस्तो अवस्थामा महिलाहरु पुनः वेचविखनको शिकार हुन पुग्दछन् ।

यस कार्यक्रमको दिगोपनाको लागि IOM प्रतिवद्ध छ र यसका लागि मन्त्रालय सम्मको सहकार्यमा वेचविखनका पिडितहरुका लागि आर्थिक सहायता लगायत सन् २०१८ को मध्य सम्ममा पिडितका लागि आकस्मिक आवासको निर्माण समेत गर्ने उद्धेश्य लिएको छ ।

असल अभ्यासहरु लाई लागु गर्न आर्थिक स्रोतको आवश्यक्ता पर्दछ, सामाजिक अभियन्ताहरु ले पहिले निशुल्क तथा कम लागतमा सहायताहरु लागू गरिसकेका छन् । फरक क्षेत्रका साझेदार हरुले काम गर्न सकेको खण्डमा असल अभ्यासको विस्तार हुने छ ।

सम्पर्क विवरण :

Clara Perez
cperez@iom.int

पुरुषको स्वस्थ छवि : परिवार नियोजन सम्वन्धी जनचेतना अभिवृद्धि-अन्तराष्ट्रिय जनसंख्या सेवा (PSI)

परिवार नियोजन प्रति मलागसीको धारणाः

यो एउटा सुरुवात हो मलागासी पुरुषहरुलाई आफ्नो जिवनसाथीलाई परिवार नियोजनका साधनहरुको प्रयोगको लागि साथ दिनको लागि । मडागास्करको पितृसतात्मक समाजमा पुरुषले आफ्नो जिवनसाथी महिलालाई परिवार नियोजनका साधन प्रयोग गर्न रोक लगाउने गर्दछ ।

जनचेतनामुलक अभियान

यस समस्यालाई समाधान गर्न PSI ले गरेको लैगिंकता सम्बन्धि पुरुष र उनिहरुका सहपाठी हरुलाई विभिनन समुदाय सचेतना मूलक अभियान चलायो । यसले दुई प्रकारले चेतना फैलाउने काम गर्‌यो , अन्तरव्यक्तीगत सञ्चार सचेतना र समूह गत सचेतना (पुरुषको मा समूह, महिलाको मात्र समूह र जोडी समूह)

प्रभाव मुल्यांकन

PSI को डाटा ले के देखायो भने महिलाहरुले परिवार नियोजनमा महिलाहरु बढि आत्मनिर्णय गर्न सक्ने भएको र पुरुषहरु भने कमै मात्र परिवार नियोजन प्रति विमुख भएको पाईयो ।

सम्पर्क विवरण :

ElisohasinaRafalimanana

elisohasinar@psi.mg

हिंसाका पिडक पुरुषहरुका लागि हाते पुस्तिक र लैङ्गिक हिंसा विरुद्धको लडाईमा पुरुषको संलग्नता

SAHALA: By C–For–C (Capacity building for community)

मडागास्करमा महिला विरुद्धको हिंसा

सन् २०१४ मा Universal Periodic Review ले के देखायो भने मडागास्करमा मुख्य समस्या भनेको महिला विरुद्ध हुने हिंसा रोकथाम गर्न वृहत संरचनाको अभाव देखियो । त्यस कारण SAHALA कार्यक्रमद्धारा पिडक पुरुषहरुको संलग्नतामा नै हिंसा विरुद्धको लडाई लड्ने लक्ष्य लिएको थियो ।

सहकार्यको विधि

यो प्रारम्भ नै सहगमनको धारणामा आधारित छ । सहगमनको आधार भनेको नै सकृय श्रव्य हो र यो व्यक्तिगत वा सामूहिक रुपमा हुने गर्दछ । यसमा पिडित महिलाहरुलाई मात्र नभएर पिडक पुरुषहरुलाई समेत सुनी उनिहरुको कुरा बुझेर उनिहरुको व्यवहारमा परिवर्तन ल्याउने प्रयास गरिन्छ । जसले गर्दा परिवारमा हिंसाको अन्त्य होस् ।

जब जोडिहरु सुनुवाई इकाईमा पुग्छन्, उनीहरुलाई छुट्टा छुट्टै रुपमा स्वागत गरिन्छ । पुरुषहरुलाई हिंसाको तह अनुसार मुल्याङ्कन गरि ४ तहको हिंसामा विभाजन गरिन्छ ।

तह १: सामाजिक हिंसा

तह २: अपरिपक्व आवेशी

तह ३: अविश्रान्त हिंसा

तह ४: पतित हिंसा (Pervert/manipulator)

एकपटक विभाजन गरिसकेपश्चात सामाजिक कार्यकर्ताद्धारा मिलाईएको सुनुवाई इकाईसँग सहगमन गराईन्छ । यदि पिडक प्रथम दुई तहमा पर्दछन् भने तर यदि पिडक अन्तिम २ तहमा पर्दछ भने उनिहरुलाई मनोवैज्ञानिकको परामर्शका लागि पठाईन्छ ।

एक नयाँ स्वरुपको दखल

मदागाष्करको लागी लैङ्गिक हिंसा विरुद्धको लडाईमा पुरुषको सहभागीता एक नयाँ अभ्यास हो । यो परियोजना आफैमा एक वर्ष देखी चलिरहेको र अहिलेसम्मा १० जोडीहरुलाई यसलाई समेटिएको छ । यस परियोजनाको अन्य समुदायहरुमा प्रतिबिम्बीत भएको तथ्यले नै यसको सफलतालाई निर्दिष्ट गर्दछ

। यस प्रकारको दिगो फाइदाहरु रहेको छन् । जसले पुरुषको व्यवहारमा परिर्वतन ल्याउन नेतृत्वदायी भुमिका निर्वाह गर्दछन् । र यसको साक्षी महिलाहरु आफै हुने गर्दछन् र आफ्नो श्रीमान निकै जिम्मेवार हुन थालेको बताउँछन् ।

यद्यपी थुप्रै चुनौतिहरु छन्, प्रथमत : व्यक्तिगत तथा सामुहिक सहभागिता गराइयो । तुलनात्मक रुपमा सामुहिक सहभागीता गराउन गाह्रो थियो । सहभागी पुरुषहरुको आफ्नो कार्य तालिकाका कारणले ।

दोस्रो : सुनुवाई गर्ने इकाईको अर्पयाप्तता छ, जुन धेरै स्थापना गर्न जरुरी छ । अन्नत : यस राम्रो प्रयासलाई आफै सफलतापुर्व निरन्तरता र उदारणीय बनाउन सम्बन्धीत निकायहरुको अर्थपुर्ण सहभागीता गराउन जरुरी छ , जुन आफैमा एक चुनौती हो ।

सम्पर्क विवरण :

SariakaNantenaina

admin@c-for-c.org

www.c-for-c.org

घरेलु हिंसा विरुद्धको प्रतिरोधात्मक कार्य - मदागास्कर ENDA Madagascar

छोड्न पाउने अधिकार:

मदागास्कर एक एकदमै रुढिवादी देश हो । समाजमा श्रीमानले गर्ने दुर्व्यवहारको अवस्थाहरुमा महिलालाई साथ दिइदैन बरु उल्टै महिलालाई घर सम्हाल्न उत्सहित गरिन्छ र यदि महिलाले घर छाड्ने निर्णय गरेमा उनका परिवार र आफन्तले महिलालाई नै दोष दिने गर्दछन् ।

यद्दपी, पछिल्लो समयमा बनेका कानूनले मदागास्करका महिला र हिंसाका पिडितहरुलाई केही निश्चित समयका लागि घर छोड्न पाउने अधिकार प्रदान गरेको छ ।

यस उद्धेश्यका लागी ENDA मदागास्करले यस्ता आवासहरु निर्माण गरेका छन् । जसमा पिडित महिलाहरु २ महिनासम्म बस्न सक्छन् । यस कार्यक्रमले त्यस्ता महिलाहरुलाई निश्चीत अवधीका लागी साथ दिई आफ्नो भविष्यको लागी साथी परिवारको दवाव बिना सहि निर्णय लिन समेत सहयोग गर्दछ ।

ENDA आवास

यस कार्यक्रमलाई ३ चरणमा विभाजन गरिएको छ । पहिलो चरणमा पिडित महिलाहरुलाई नजिक सम्बन्धीत निकाय समक्ष निवेदन दायर गर्दछ । सो निकायले हिंसा भएको घरमा अनुसन्धान गर्दछ ।

दास्रो चरणमा , महिलाहरु ENDA मदागास्टकरको परामर्श केन्द्रमा प्रवेश गर्दछ । जहाँ उनिहरुले सुरक्षीत र स्वस्थ ठाँउ एवंम् सहायता प्रप्ता गर्दछन् ।

तेस्रो चरणमा, महिलाहरुलाई शारिरीक तथा नैतिक रुपमा सहायता दिइन्छ जसले गर्दा उनीहरु आफ्नो वैवाहिक जिवनका लागि महत्वपूण निर्णय लिन सकुन् । साथै विभिन्न मनोरञ्जनात्मक तथा जिवन उपयोगी कृयाकलापहरुमा संलग्न गराई उनीहरु मनोवैज्ञानिक राहत समेत प्रदान गरिन्छ ।

यसरी सेन्टरमा रहेको दुई महिनाको अन्त्यमा महिलाले आफु घर फर्कने वा सम्बन्ध विछेच्दगर्ने भन्ने विषय निर्णय लिने गर्दछन् । र दुवै अवस्थमा महिलालाई आर्थिक रुपमा सवल हुने काममा लाग्न उत्साहित गरिन्छ र त्यसको लागि आवश्यक रकम ENDA मदागास्करले नै उपलब्ध गराउँदछ । दुई महिना पश्चात पूनः यदि कुनै थप साथ र परामर्श चाहिएमा सेन्टरमा फर्किन सक्छन् ।

सिकाई

दुई वर्षको अवधिमा ३५ महिलाले सेन्टरबाट लाभ लिए । लाभदायीहरुले पाएको ठुलो लाभ भनेको उनीहरुले आफ्नो खुला सुरक्षीत र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सम्मानपूर्वक उपभोग गरे । यसले लाभदायीहरुमा दिगो प्रभाव पर्दछन्, विशेषगरी उनीहरुले सम्बन्ध विच्छेद वा नयाँ स्वस्थ सम्बन्ध स्थापित गर्ने भनि लिने निर्णयको समयमा ।

यद्दपी थुप्रै चुनौतिहरु छन् । मुख्य चुनौति भनेको प्राय महिलाहरु दुई महिना सम्माको लागि घर छोडेर हिड्न मनोवैज्ञनिक रुपमै पनि त्यति सहज महसुस गदैनन् । र यदि सामाजलाई कार्यक्रमको महत्व

बुभाए पनि आफ्नो सन्तानलाई छोडेर बस्दा ग्लानी महसुस गर्दछन् । यसर्थ यस्तो सेन्टरको त्यवस्था गर्न जरुरी छ । जहाँ आमा र सन्तान एक साथ सहन सकुन् । यसो गर्दा महिला ढुक्क हुन्छिन र आफ्नो जिवनको लागि निर्णय लिन सफल हुन्छन् ।

महिलालाई शारिरीक तथा मनोवैज्ञनिक साथ बाहेक यस कार्यक्रमको अर्को मुख्य उद्धेश्य भनेको महिलालाई आर्थिक रुपमा शसक्त बनाउनु हो । र यसबाट अधिकतम महिलालाई लाभ दिनको लागी सम्बन्धीत निकाय तथा गैर सरकारी संस्थाहरुले दुर्व्यवहार भएको अवस्थामा महिलाले घर छोड्न पाउने हकको बारेमा बढि जनचेतना फैलाउन जरुरी छ ।

सम्पर्क विवरण :

Razafindravao Lydia

apvc@enda.mg

नेपाल

आमाको नामबाट विभेद रहिद समान रुपमा नागरिकताको पहुँच - कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) (LACC)

नागरिकताको विषय

नेपालको सविंधानले प्रष्ट रुपमा सन्तानले आमाको नामबाट नागरिकता पाउने हकको सुनिश्चीतता गरेको छ । तर पितृसत्तात्मक सामाजिक मुल्य- मान्यताका कारण अझै पनि व्यवहारमा विभेदपूर्ण अभ्यास भएको पाइन्छ । ल्याकले न्याय प्राप्तिका लागी यस्ता प्रकृया लिएको छ की जसले गर्दा सहज रुपमा महिलाको हक सम्बन्धी कानूनहरु लागु गर्न सकियोस् ।

ल्याकको सहभागिता

ल्याकको यस्ता थुप्रै मुद्धाहरु हेरेको छ । जहाँ महिलाले आफ्नो सन्तानको नागरिकताको लागि लड्नुपरेको छ । नेपाली नागरिक भएर पनि महिलाले आफ्नो सन्तानलाई नागरिकता दिलाउन सक्दैन । थुप्रै कानून प्रमाणहरु पेश गर्नु पर्ने अवस्था छ । यस्तो अवस्थामा ल्याकले पिडितको तर्फबाट वकालत गरी सर्वोच्च अदालतसम्म यस्ता मुद्धाहरुलाई पुऱ्याएको थुप्रै उदाहरणहरु छन् । र परिणाम स्वरुप सर्वोच्च अदालतले स्थानिय सरकारी अधिकारीहरुलाई आमाको नाममा नागरिकता प्रदान गर्न थुप्रै आदेशहरु समेत दिइएको नजिरहरु छन ।

चुनौतिहरु

र्दुभाग्यवश यस्तो संवेदनशिल विषयमा संविधानमा प्रष्ट व्यवस्था भएको अवस्थामा समेत फरक समय र मुद्दामा फरक -फरक रुपमा न्याय दिइएको पाइन्छ । स्थानिय पदाधिकारीहरुले पटक-पटक आमाको नाममा नागरिता प्रदान गर्न दिइएको निवेदन समेत अविस्कार गरेको पाइन्छ । पहिले कुनै आमाको नाममा नागरिता प्रदान गरेको भएतापनि त्यो फरक अवस्थामा हो, भन्दै अन्य अवस्थामा आमाको नाममा नागरिकता दिन अस्विकार गरेको देखिन्छ ।

ल्याकले पटक-पटक आमाको नाममा नागरिकता पाउनु पर्ने भनि सर्बोच्च अदालतसम्म पुगेको छ । यसरी प्रत्येक मुद्दा अदालत सम्मै पुऱ्यानुपर्ने अभ्यासले हाम्रो कमजोर कानूनी पालनाको अवस्थालाई झल्काउँदछ । अझै भन्नुपर्दा यसले आर्थिक र समयको खर्चको हिसाबले कष्ट त दिएको छ नै त्यो भन्दा पनि अझ महिलाको मानव अधिकारमा समेत प्रश्न चिन्ह खडा गरेको छ । यसर्थ ल्याकले गरेको सहयोग महिलाहरुको लागि दिगो रुपमा जिवनभर रहन्छ । नागरिकताको प्रयोगले महिलाले आफ्नो सन्तानलाई विभिन्न तहमा सवल बनाउन सक्षम भएका छन् । आमाको नाममा नागरिकता प्रदान गरेपछि उनीहरुले आफ्नो भविष्यको प्रगती र उन्नतीको बाटो रोज्न सफल भएका छन् ।

अर्को खुशीको कुरा के छ भने आमाको नाममा नागरिकता पाउनुपर्ने भनि सर्वोच्च अदालतमा दायर भएका सबै मुद्धाहरुलाई अदालतले सम्मानपूर्वक सम्बोधन गरेको पाइन्छ । यसले राम्रो नजिर स्थापित गर्ने काम गरेको छ । तर संविभान र कानूनमा उल्लेख गरिएका विषयलाई स्वत : स्फूर्त रुपमा लागु गराउनु महत्वपूर्ण रहेको छ । एवंम नियमहरुको प्रभावकारी रुपमा व्यवहारमा लागु गराउनको लागी फराकिलो जनचेतना मुलक कार्यक्रमहरु स्थानिय तहमा ल्याउन जरुरी छ ।

सम्पर्क विवरण :

info@laccnepal.org

www.laccnepal.org

मर्यादा अभिवृद्धी गर्न - कानूनी सहयोग तथा परामर्श केन्द (LACC)

मानाचामल र सम्पत्तिका हक

यसले महिलाहरुमा मानाचामल र सम्पत्ति हकको सन्दर्भमा हिम्मत र शक्तिमा बढावा दिने गर्दछन् । पिडित महिलाहरु ल्याकमा न्यायको खोजिमा आउछन् यस्ता मानाचामल र सम्पति सम्बन्धी मुद्दाहरु लिएर तर उनीहरुसंग श्रीमानसंगको नाता प्रमाणित गर्ने कुनै प्रमाण हुदैन । र यस्तो अवस्थामा यस प्रकारका लैङ्गीक हिंसाका विरुद्धका कानूनी उपाचार प्रदान गर्न निकै कठिन हुने गर्दछ र कानूनी सहायताका लागी उनीहरु ल्याक आउने गर्दछन् ।

ल्याकको पद्धति

प्राय मानाचामल र सम्पत्ती सम्बन्धी मुद्धा दायर गर्नु पहिले महिलाहरु अदालतमा नाता प्रमाणीतको लागी जान्ने गर्दछ । यसले महिलालाई आफ्नो हक प्राप्त गर्न थप झन्झट व्योहोर्नुपर्ने देखिन्छ । यद्दपी यस्ता मुद्धा ल्याकले फरक तरिकाले हेर्ने गर्दछ । जब पिडित न्यायको लागि आउँदछन् । ल्याकले सिधै माना चमाल र सम्पत्ति सम्बन्धी मुद्धा दायर गर्दछन् । यदि विपक्षिले नाता सम्बन्धी विवाद उठाएमा सो विवाद प्रमाण गर्ने भार विपक्षिमा रहने गर्दछ ।

मुल्याङ्कन र प्रभाव

यसरी ल्याकको संलग्नताले पिडित महिलाहरुलाई आफ्नो कानूनी हक स्थापित गर्न केहि हदसम्म राहत प्रदान गर्दछ । यसैले उनीहरुमा आत्मसम्मानको अनुभुती प्रदान गर्दछ । यसबाहेक, अदालती प्रकृया समेत छोटो हुन जान्छ र छिटो न्याय प्रदान गर्न सकिन्छ । अदालतको निर्णय प्रदान गर्नका मानाचामाल तथा सम्पत्ति बण्डाको फैसला उनीहरुको पहिचान खुलाउने कानूनी दस्तादेज समेत बन्न पुग्छन् । तर यदि अदालतले नाता प्रमाणीत गर्ने प्रमाणहरु खोजेमा भने महिलालाई निकै कठिन हुने गर्दछन् । उनीहरुले स्थानिय निकायमा गई परिचय खुलाउने कागजतहरु बनाउनुपर्ने हुन्छ ।

यद्दपी ल्याकको संलग्नतामा महिलाहरुले पाएको सेवाले महिलालई न्याय प्रदान गर्दछ । यस्तो अभ्यास अन्य कानून व्यवसायीहरुले समेत शुरुवात गर्न सक्छन् । जसले धेरै महिलाहरु आफ्नो हक कायम गराउन लाभन्वित हुन सक्छन् । यद्दपी यस प्रकारको अभ्यासलाई व्यापकरुपमा प्रयोगमा ल्याउन लैङ्गीक संवेदनशीलता र जनचेतनालाई बढावा दिनुपर्ने हुन्छ ।

मुद्धा मामिलाको विकल्पको विषयहरु सकेसम्मा अदालती प्रकृया बिना नै मुद्धा सल्ट्याउने उद्धेश्य रहेको हुन्छ । ल्याकमा आउने पिडित महिलाहरु प्राय गरिब अशिक्षीत, असहाय र कानूनी प्रकृया तथा औपचारिकता विषयमा अनभिज्ञ हुने गर्दछन् । उनीहरु संग प्राय आवास र गाँसको अभाव हुने गर्दछ । उनीहरु संग अदालती मुद्धा मामिलाको झन्झटिलो लामो प्रकृयामा जाने शाहस तथा उत्साह नै हुदैन । यस्तो अवस्थामा ल्याकले फौजदारी बाहेकका अन्य मुद्धाहरुमा सकेसम्मा विपक्षिहरुलाई समेत उपस्थित गराई पक्षहरुविच वार्तालापबाट नै मुद्धा छुड्ग्याउने गर्दछ ।

सम्पर्क विवरण :

info@laccnepal.org

www.laccnepal.org

कानूनी प्रकृयाको वैकल्पिक रुपमा मेलमिलाप प्रकृया - कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक (LACC)

मेलमिलाप

अदालतमा जानु भन्दा अगाडी नै विपक्षी समेतलाई झिकाई विवाद समाधान लागी पहल गरिन्छ । ल्याकमा आउने पिडीत महिलाहरु प्रायः गरिव, अशिक्षीत, सहायता विहिन र कानूनी अधिकार र प्रकृयाका वारेमा चेतनाको कमी भएका हुन्छन । उनिहरुलाई बस्ने आवास तथा खानाको समेत अभाव हुन्छ । उनिहरुसंग कानूनी प्रकृयामा जाने हिम्मत, शक्ती तथा पैसा नै हुदैन । यस्तो अवस्थामा अन्य संघ संस्था संग आवास, खाना आदी लागी समन्वन गर्दै विपक्षीलाई सम्पर्क गरी उनिहरुको समस्या समाधानका लागी पहल गरिन्छ । फौजदारी प्रकृतिका वाहेक अन्य मुद्धामा मात्र ।

मेलमिलापका प्रकृयाहरु

ल्याकले नियुक्त गरेको कानून व्यवसायीले सो विवादीत पक्ष हरुलाई परामर्श सेवा प्रदान गर्दछन् र उनीहरुविच सहमति जुटाउने प्रयास गर्दछन । वकिलद्धारा विभिन्न कानूनी व्यवस्था प्रकृया र सम्बन्धीत परिणामहरुको जानकारी गराई पक्षहरुलाई समझदारीका साथ निर्णयमा पुग्न मद्दत गरिन्छ जसबाट पक्षहरु सहित उनीहरुको सन्तान र परिवारको समेत हित हुन सकोस् भेन्न रहेको छ । यदि उनीहरु सम्बन्ध विच्छेद गर्ने नै निर्णयमा पुगे भने पनि मेलमिलाप प्रकृयाले अदालती औपचरिकता र प्रकृयालाई छिटो अगाडी बढाउन मद्दत गर्दछ र मुद्धालाई थोरै समयमा नै टुङ्ग्याउन सकिन्छ ।

मुल्याङ्कन र प्रभाव

मेलमिलापका फाइदाहरु अनगिन्ती छन् । मेलमिलापबाट महिलाले छिटो छरितो रुपमा प्रभावकारी रुपमा न्याय अनुभुती गर्न सक्दछन् । एकपटक पक्षहरुले मेलमिलापबाट मुद्धाको टुंगो लागे पछि कुनै पनि अदालतमा मुद्धा पुनरावेदन लाग्दैन । तर यदि मुद्धा अदालतले फैसला गरेको छ भने हार्ने पक्षले

सो फैसला विरुद्ध पुनरावेदन जान सक्दछन् । मेलमिलापले छिटो छरितो न्याय प्रदान गर्दछ । यसले महिलालई आर्थिक तथा आत्मसम्मानको विषयमा सुरक्षित महसुस गराउँदछ ।

जब ल्याकले मुद्धाहरु मेलमिलापमा लान सुरु गऱ्यो निजी वकिलहरुले ल्याक र महिला वकिलहरुलाई अदालत जान डराएर मेलमिलापमा लागेको भनि आरोप समेत लगाउन थाले । यद्दपी मेलमिलाप पछिल्लो समयमा पनि लोकप्रिय भयो र यसको प्रयोग अदालतबाट समेत हुन थालेको छ । अहिले आएर मेलमिलाप नेपाल भर नै अभ्यासमा छ ।

सम्पर्क विवरण :

info@laccnepal.org

www.laccnepal.org

सहमतिमा आधिकारिक लिखत तयार गर्न - कानुनी सहयोग तथा परामर्श केन्द्र, महिला आयोग, नेपाल प्रहरी - (LACC)

नाता प्रमाणितको अभाव भएका मुद्धाहरु

लैंगिक हिंसा पिडितहरु ल्याकमा न्यायको लागि आउने गर्दछन् । आफ्नो पति र पत्नीद्वारा भएको हिंसाको दाबि गर्न अदालतमा प्रवेशका लागि निजको परिचय र सम्बन्ध खुलाउने लिखत प्रमाण आवश्यक पर्दछ र केहि अवस्थामा पिडितहरुले विवाह प्रमाणपत्र, नागरिकता, जन्मदर्ताको प्रमाणपत्र जस्ता लिखत प्रमाणहरु ल्याएका हुदैनन् । यस्तो अवस्थामा न्याय दिलाउन मुस्किल हुने गर्दछ र अझै पीडकले पिडितसंगको सम्बन्ध इन्कार गरेमा झन् अफ्ठ्यारो पर्दछ । यो सुरुवातले घरेलु हिंसा पिडितलाई न्याय दिलाउन सहयोग पुग्ने त्यस्ता अत्यावश्यक लिखत प्रमाणहरु जुटाउन सहयोग गर्दछ ।

सम्झौता

ल्याक र महिला आयोग सहकार्य गरिरहेका छन्, यसमा भने पिडक पक्षलाई औपचारिक रुपमा छलफलका लागी गर्नका लागी बोलाईन्छ । दुबै पक्षको उपस्थिति पछी उनिहरुलाई परामर्श सेवा

उपलब्ध गराइन्छ जसले गर्दा दुबै पक्ष सहमतिमा पुग्न सकुन । यस्तो सहमतिको लिखतद्वारा दुइ पक्ष को सम्बन्धको प्रामणिक परिचय बनाउन सहयोग पुग्दछ ।

मुल्यांकन र प्रभाव

यो अभ्यासले लैंगिक हिंसा पिडितलाइ अदालत समक्ष आफ्नो दाबि लिएर उपस्थित हुन वैकल्पिक मार्ग सिर्जना गर्दछ । यसले गर्दा पिडितलाई पीडकसंगको सम्बन्धका सन्दर्भमा प्रमाण जुटाउन अन्य मार्ग अपनाउनु पर्दैन । लिखत प्रमाण जुटाउने कार्यले न्याय सम्पादनमा धेरै बाधा पार्ने गर्दछ र यो अभ्यासले गर्दा प्रमाण जुटाउन सहयोग पुग्ने हुदा पिडित पक्ष आफ्नो न्यायका लागि जुनसुकै अदालत समक्ष उपस्थित भएर आफ्नो दाबि प्रस्तुत गर्न सक्दछन । यस माध्यमबाट धेरै पिडितले न्याय प्राप्त गरेका छन् र अहिले व्यापक रुपमा प्रयोग भइरहेको छ । तर सम्झौतामा पुग्नका लागि भएका यस्ता प्रयासले कहिलेकाही समस्या पनि निम्त्याउछन । जस्तै, कहिलेकाही पीडक पक्ष अथवा विपक्षीले सो सम्झौता आफ्नो सहमति बिना र जबर्जस्ति भएको दाबि गर्दै उक्त सम्झौता खारेज गर्ने माग राखी ल्याक, महिला आयोग र नेपाल प्रहरीको विरुद्ध मुद्दा दायर गर्ने गर्दछन । यस्तो अवस्थामा ल्याक, महिला आयोग र नेपाल प्रहरीले सहकार्यमै त्यस्ता मुद्दाका विरुद्ध काम गर्ने गरेको छन् ।

सम्पर्क विवरण :

nwc.gov@gmail.com

www.nwc.gov.np

info@laccnepal.org

www.laccnepal.org

एकद्धार विपत् व्यवस्थापन केन्द्र- स्वास्थ तथा जनसंख्या मन्त्रालय (OCMC)

OCMC

OCMC संग अन्य केन्द्रको संजालिकरण छ जसले लैंगिक हिंसाका पिडितहरुलाई एकै स्थानबाट थुप्रै सेवा दिने गर्दछन । लैंगिक हिंसाका पिडितहरुले धेरै थरिका समस्या भोगिरहेका हुन्छन् र उनीहरुलाई

तत्काल सेवा उपलब्ध गराउनुपर्ने हुन्छ । जस्तै कुनै पिडितलाई घर निकाला गरिएको खण्डमा उनलाई खाना, बस्ने बास, मनोवैज्ञानिक परामर्श, कानुनि परामर्श र सेवा उपलब्ध गराउनुपर्ने हुन्छ । केन्द्रहरुको स्थापना पुर्व धेरै संस्थाहरुले संयुक्त रुपमा यस्ता समस्याका लागि "रेफरल सिस्टम" को स्थापना गरेका थिए । तर यो पद्धति पीडितका लागि झन्झटिलो र अफ्ठ्यारो खालको भएकाले एउटा मात्र पद्धतिद्वारा यस्ता समस्यामा काम गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न जिल्लामा १७ वटा केन्द्र स्थापना गरेको थियो भने अहिले केन्द्रको संख्या २१ वटा जिल्लामा पुगिसकेको छ । OCMC नेपालमा लैंगिक हिंसा पिडीतका लागी एउटा सर्वोत्तम अभ्यास हो । यसले एकै छानामुनि पिडीतका लागी स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, आवास, सुरक्षा र कानुनि सेवा प्रदान गर्दछ । केन्द्रहरुले नेपाल प्रहरी, महिला आयोग, सरकारी वकिल कार्यालय आदि संगको सहकार्यमा सेवा प्रदान गर्दछन् ।

प्रभाव

OCMC कार्यक्रमले पिडितलाई यथासक्य धेरै सेवा र सुबिधा प्रदान गर्दछ । साथै पिडितको समय र पैसाको पनि बचत गर्दछ । अर्को अर्थमा भन्नुपर्दा यसले पिडितको अपेक्षा भन्दा पनि पर पुगेर सेवा प्रदान गर्दछ । केहि सेवाग्राहीका अनुसार अन्य कुनै पनि संस्थाले आफुलाई कुनै खालको सेवा दिन असमर्थ हुदा आफुजस्तै अरु पिडितहरुसंग बसेर आफ्नो कथा साटासाट गर्नु बाहेक कुनै उपाय नरहेका समयमा यस संस्थाबाट आफुले नसोचेको सुबिधा पाएको बताए ।

यस संस्थाले धेरै पिडितहरुलाई यस्तो सेवा दिदा दिदै पनि थुप्रै बाधाको सामना गर्नुपरेको छ । मुख्य समस्या भनेको कर्मचारी र अर्थ व्यवस्थाको कमि रहेका छन् । यी दुइ कुराको कमीले गर्दा यस कार्यक्रमको कार्यदक्षतामा कमि छ । साथै २१ वटा जिल्लामा मात्रै यस कार्यक्रमको संचालन छ तर अन्य जिल्लाको पीडितका लागि थप गर्नु जरुरी छ । **OCMC** जिल्लाम सरकारी अस्पतालमा अवस्थित छन तर अस्पतालका कर्मचारीहरु लैंगिक हिंसाका सन्दर्भमा असम्वेदनशिल छन् । यो सन्दर्भमा पनि अझै काम गर्नु जरुरि छ ।

सम्पर्क विवरण :

www.mohp.gov.np

स्पेन

बेल्दूबारीक (त्रास रहित) -इमाकून्डे -बास्को महिला संस्थान BeldurBarik (Without fear)

यूवा पुस्ताहरु माझ लैंगिकता सम्बन्धी हिंसाको सम्बोधन

स्पेनको तथ्यांक अनुसार ३० वर्ष मुनिको उमेर समुहमा धेरै लैंगिक हिंसाका मुद्दाहरु आउने र नयाँ संचारका माध्यमद्वारा नयाँ किसिमका लैंगिक हिंसा हुने गरेको पाइएको छ । तर यस तथ्यांकले विगतको समयमा हुने गरेका लैंगिक हिंसाको बारेमा खुलाएको छैन र साथै यस्ता हिंसाका बारेमा जागरुक गराउने कार्यक्रमहरुले युवा पुस्तालाई नसमेटी विवाहितहरु बीच हुने हिंसालाइ बुझाउने गरेको छ ।

यस कार्यक्रमले सम्बोधन गरेको चुनौती भनेको युवा पुस्तालाई दिनदिनै हुने गरेको लैंगिक हिंसाको बारेमा जागरुक गराउने हो र साथै महिला हिंसाका सन्दर्भमा वैकल्पिक धारणाको विकास गराउनु पनि हो । बेल्दूबारीक एउटा यस्तो कार्यक्रम हो जसले,

- महिलाहरुलाई स्रोत र साधन उपलब्ध गराउदछ जसले गर्दा दैनिक हुने लैंगिक हिंसाको पहिचान गर्न सकुन र त्यसको विरुद्ध उठ्न सकुन् ।
- लैंगिक हिंसाको सन्दर्भमा वैयक्तिक जिम्मेवारी लिन र पुरुषहरुलाई यौनिक आवेग छोडेर लैंगिक हिंसाको विरुद्ध पुरुष समुदायको क्रियाशीलता बढाउन ।
- लैंगिक हिंसाका सन्दर्भमा युवा सशक्तीकरण बढाउन र यौनिक व्यवहारको विचारमा परिवर्तन ल्याउन ।

बेल्दूबारीक कार्यक्रम

बेल्दूबारीक अर्न्तसंस्थागत कार्यक्रम हो जसमा इमाकुंदे बास्क महिला संस्थाको मुनि तीन स्तरका बास्क प्रशासन सहभागी हुन्छन र अरेवीया, बिज्किया र गिपुज्कोयाका तीन प्रान्तीय समितिहरु छन । यसले आफ्नो उद्देश्य पुरा गर्न विभिन्न साधनको प्रयोग गर्दछ ।

श्रब्यदृश्य प्रतियोगिता: यो यस कार्यक्रमको अभिन्न अंग हो र यो १२ -२६ वर्ष उमेर समुहका व्यक्तिको लागि बनाइएको हो । यसको उद्देश्य उक्त उमेर समुहका केटा केटिले लिंगवाद र महिला हिंसाको सन्दर्भमा कस्तो विचार राख्दछन् भन्ने हो । यसमा धेरै थरिका क्रियाकलापहरु पर्दछन् ।

टोपाकेटा: वार्षिक सभा हो। श्रब्यदृश्य प्रतियोगिताका विजेता घोषणा गर्नुका साथसाथै लैंगिक हिंसाका सन्दर्भमा काम गर्ने सबै व्यक्ति तथा समुदायलाइ संगै ल्याउन मद्दत गर्दछ । साथै युवा वर्गलाई सहभागी गराउन थुप्रै अरु कार्यक्रम पनि आयोजना गर्दछ । सामाजिक संजालको माध्यमबाट पनि युवा वर्गसंग सम्पर्क बढाउने कार्य गर्दछ ।

बेल्दूबारीकको एउटा मुख्य धारणा भनेको हो violet point जसले बेल्दूबारीकलाइ प्रवर्द्धन गर्दछ र violet point लाइ लैंगिक हिंसा विरुद्धको चिन्हको रुपमा लिइन्छ र यसले स्थानीय सरकारलाई पनि सहायता गर्दै लैंगिक हिंसा विरुद्धको संदेश फैलाउछ ।

मुख्य प्रभाव

सन् २०१४ देखि भाग लिने नगरपालिकाको संख्या बढ्दो छ र सन् २०१८ बाट कार्यक्रमको ९ औ संस्करणको सुरुवात भएको छ । सन् २०१७ मा सहभागी हुनेको तथ्यांक यस प्रकार छ, २६६४ युवा वर्गले श्रब्यदृश्य प्रतियोगितामा सहभागीता जनाएका, १२८ नगरपालिका, ३५० जना युवाहरुको अन्तिम सभामा सहभागिता ।

थुप्रै पेशागत व्यक्ति र प्राविधिकको सहभागितामा कार्यक्रम सफल भएको र यसले युवा वर्गको आवश्यकतालाई पनि लक्षित गरेको छ । कार्यक्रमको नतिजा अनुसार लैंगिक हिंसाका विरुद्ध थुप्रै युवा वर्ग जागरुकता बढेको र नारीवादी युवावर्गको सशक्तता बढेको छ ।

अन्त्यमा, बेल्दुवारिकले लैंगिक हिंसाका सन्दर्भमा युवाहरुको सहभागिता गरी व्यक्तिगत र सामुहिक विचार परिवर्तन गर्न सहयोग पुर्‌याएको कुरा नकार्न सकिन्न ।

सम्पर्क विवरण :

Socorro ÁlvarezFernández
s-alvarezfernandez@euskadi.eus
www.emakunde.euskadi.net
www.beldurbarik.org

से नो (नाई भन)- यूवा कार्यकर्ताहरुको लागी अर्न्तराष्ट्रिय तालिम- गाउँ केन्द्रित जेभेन भाडी (CERUJOVI)

युवा वर्गसंग काम गर्ने व्यक्तिहरुको क्षमता विकास

लैंगिक हिंसाका पिडितको उमेर हद दिनानुदिन घट्दै गैरहेको छ । युवावर्गलाई यस्ता लैंगिक हिंसाका घटनाबाट जोगाउन सुरुदेखि नै यसका बारेमा जागरुक गराउनु जरुरि हुन्छ र साथै महिला तथा लैंगिक हिंसाका सन्दर्भमा तालिम दिनु समेत जरुरि हुन्छ।

SAY NO एउटा कार्यदक्षताको विकास गराउने सम्बन्धि कर्यक्रम हो जसले युवावर्ग र लैंगिक हिंसाको विरुद्ध काम गर्नेहरु संग सहकार्य गर्दछ । SAY NO ले लैंगिक हिंसाका सन्दर्भमा विभिन्न मुलुक तथा संस्थामा जागरुकता ल्याउनका लागि समेत कार्य गर्दछ।

SAY NO (नाई भन) तालिम

यो तालिम सन् २०१७ मा ५ दिनका लागी Caceres मा सम्पन्न भएको थियो र स्पेन, जोर्डन, बेल्जियम, टुनिसिया, लिथुआनिया, जर्मनी, स्लोभाकिया, रोमानिया, बुल्गेरिया, इटाली, ग्रीस, अल्गेरिया, हंगेरी, र मकेदोनिया जस्ता मुलुकहरुबाट ३० जना युवा कर्मचारीको सहभागिता रहेको थियो ।

उक्त तालिमले कसरि स्थानीय र अन्तर्राष्ट्रिय स्तरमा लैंगिक हिंसा विरुद्धको काम गर्न सकिन्छ भन्ने कुरामा जोड दिएको थियो । साथै लैंगिक हिंसा विरुद्धको कार्यमा समर्पित भइ लागेका युवा वर्गलाई तालिम दिई अझ सशक्त बनाउने थियो ।

SAY NO कार्यक्रमले विभिन्न किसिमका लैंगिक हिंसाको बारेमा बयान गर्नुका साथै कसरि त्यस्ता हिंसा रोक्न सकिन्छ र कारण के के हुन् भन्ने कुरामा जोड दिएको छ ।

मूल्यांकन र प्रभाव

SAY NO कार्यक्रमबाट विभिन्न मुलुकका ३० सहभागीहरुले लैंगिक हिंसाका सन्दर्भमा र यसका कारण र परिणामका बारेमा तालिम प्राप्त गरे । विभिन्न मुलुक तथा समुदाय तथा विभिन्न सामाजिक परिवेशबाट सहभागिता रहेकाले सहभागीहरुलाइ यो समस्याको बारेमा विभिन्न कोणबाट बुझ्ने मौका मिल्यो ।

साथै SAY NO ले युवावर्गलाइ यस क्षेत्रमा कार्य गर्न अझै सशक्त बनाउने र संस्थाहरुको पनि क्षमता विकासमा मद्धत पुर्याउने हुदा SAY NO को आफ्नो सेवाग्राहिहरुमा दिगो प्रभाव रहने ।

सम्पर्क विवरण :

Katarzyna Reyes-Czechowicz
Cristina Ruíz Martin Mora
sve.cerujovi@gmail.com

आत्म रक्षाको दिनहरुः -सामाजिक समस्याको लागी Cáceres नगरीय केन्द (DAYS OF SELF DEFENSE:

सुरक्षा र आत्म सुरक्षाको कुराहरु

नागरिक सुरक्षा र विशेषगरि महिला सुरक्षा एउटा ठुलो मुद्दाको विषय बनेको छ । नागरिक सुरक्षाका लागि दिईएका सेवाहरु पनि कम नै छन् । त्यसैले गर्दा नै नागरिकहरु असुरक्षाको घेरामा पर्ने गर्दछन र यस पितृसत्तात्मक समाजका कारण विशेष गरि महिला असुरक्षित रहन्छन् ।

Days of self defense एउटा यस्तो कार्यक्रम हो जून Caceres का महिलाहरुलाई सुरक्षाको विषयमा र लैंगिक हिंसाका विरुद्धका लागि आत्मसुरक्षाका प्राविधिक कुशलताका लागि संचालन गरिएको हो । साथै यस कार्यक्रमले कसरि आत्मविश्वास बढाउने र आफ्नो कुशलताको पहिचान गरि सकारात्मक व्यक्तित्वका साथ अगाडी बढ्ने भनेर पनि सम्बोधन गरेको छ ।

तालिम

DAYS of self defense तालिम प्रत्येक वर्ष Equality and Gender Based Violence को कार्यालयले सन्चालन गर्दछ र यसलाई Caceres को स्थानीय प्रहरी कार्यालय र तालिमप्राप्त संस्थाले लागु गर्दछन् । आफ्नो क्षमता पहिचान गरि, आत्मविश्वास बढाएर, आफ्नो सुरक्षाका सम्बन्धमा संवेदनशील रहन चाहने सम्पूण महिला वर्गका लागि यो कार्यक्रम सधै खुला छ ।

तालिम दुइ भागमा विभाजित छ, पहिलो भाग जुन आत्मरक्षा सम्बन्धि तालिम संग सम्बन्धित छ भने दोस्रो भागले सशक्तिकरण र अत्मविश्वास जस्ता कुरामा जोड दिन्छ ।

मुल्यांकन

अन्दाजी ३०० महिलाले तालिम प्राप्त गरेका छन् । तालिम प्राप्त महिलाहरुको सन्तुष्टी र सुरुवाती तालिम लिनेहरुको सफलताले प्रत्येक वर्ष यस तालिमप्रति रहेको मागलाइ जनाउदछ । आत्मरक्षा सम्बन्धि तालिम प्राप्त नभएकाले गर्दा उच्च तहको तालिममा कम सहभागिता रहन्छ । वार्षिक तालिम, उपस्थितिमा लचकता र लागु गर्ने तरिका यस कार्यशालाको सफलताको मुख्य कारण हुन्। साथै सहभागीहरुको आफ्नै उत्प्रेरणा र प्रहरीले दिएको उच्चस्तरको तालिम यस कार्यक्रमको सफलताको अरु मुख्य कारण हुन्।

Days of self defense ले मुलधारमा लैंगिक समानता सबन्धि चेतना विकास गरि लैंगिक समानतालाई सम्बोधन गर्दछ ।

मुल्यांकन सर्वेक्षण अनुसार, सेवाग्राहीले आफुले सिकेको दक्षताको र साथै सशक्तिकरणको बारेमा बोलेका छन्। साथै यस मुल्यांकनले उक्त तालिम विभिन्न समयमा निरन्तर रुपमा हुनुपर्ने कुरा जनाउदछ ।

सम्पर्क विवरण :

Equality and Gender Based Violence Office of the Hon. City Council of Cáceres

Municipal Institute of Social Affairs

oficinaigualdad@ayto-Cáceres.es

www.imas.ayto-Cáceres.es

लैंगिक हिंसा विरुद्ध क्षेत्रीय समन्वय समिती

क्षेत्रीय समन्वय समिती

यहा भेटिएका मुद्दाहरु मध्ये ४ वटा लैंगिक हिंसासम्बन्धि मुद्धाहरु १५ देखि २९ उमेर समुहका महिलामा भेटिएको छ। यो तथ्यांकले शारीरिक तथा मानसिक रुपमा आफ्नो पतिबाट लैंगिक हिंसाका सिकार भएका महिलाहरुका लागि विशेष क्रियाशीलताको बारेमा जोड दिन्छ।

क्षेत्रीय समन्वय समितीका उदेश्यहरु, (Aim of the Territorial Board)

- लैंगिक हिंसा रोकथाम र निवारणका लागि काम गरिरहेका प्रतिनिधिहरु बीच संस्थागत र दिगो सम्बन्ध बनाउने ।
- सार्वजनिक संस्था र प्रशाशनसंग सहकार्य गर्दै क्षेत्रीय कार्यक्रमहरु आयोजना गर्ने ।
- तालिमका लागि क्षेत्र निर्धारण गर्ने ।

लैंगिक विरुद्ध हिंसा निराकरणको लागी समन्ययात्मक दृष्किोण

क्षेत्रीय समन्वय समिति लैंगिक हिंसाका क्षेत्रमा सक्रिय व्यक्तिहरु लगायत पिडितहरु समेत सहभागी हुने स्थान हो । यहा विभिन्न क्षेत्रका व्यक्तित्वहरुको सहभागिता हुन्छ जस्तै राजनैतिक क्षेत्र, सामाजिक क्षेत्र, कानुनि क्षेत्र, स्वास्थ्य क्षेत्र, गैर सरकारी क्षेत्र तथा शैक्षिक क्षेत्र आदि ।

यस्ता किसिमका सभाहरुको लैंगिक हिंसाको क्षेत्रमा शैक्षिक तथा जानकारीमुलक महत्व हुन्छ जहा लैंगिक हिंसा सम्बन्धि क्षेत्रिय समस्याको सम्बोधन गरिन्छ ।

क्षेत्रीय समितिको सभामा सबै मुद्धाहरुको गहिरो अध्ययन हुन्छ साथै मुद्धासंग सम्बन्धित अन्य तथ्यहरुको पनि अध्ययन गरिन्छ । साथै व्यावसायिक व्यक्तिहरुको विशेष तालिमका लागि स्थानीय र क्षेत्रीय प्रशासनको संलग्नता हुन्छ।

मुल्यांकनको भूमिका

समितिमा गतिविधिको संख्या र प्रतिनिधिको संख्या प्रत्येक चोटी बढ्दै गएको छ र साथै विभिन्न संचारका माध्यमहरुबाट विभिन्न पक्षहरु बीच समन्वय पनि बढ्दै गएको छ जसले गर्दा विभिन्न क्षेत्रका मुद्धाहरुको बारेमा जानकारी लिन सजिलो भएको छ।

लैंगिक हिंसाका क्षेत्रमा काम गरिरहेका कर्मचारीहरुका लागि क्षेत्रीय समिति र तालिमले गर्दा यस खेत्रमा भएका कम अझै प्रभावकारी भएका छन् ।

सम्पर्क विवरण :

unidades_violencia.caceres@correo.gob.es

unidades_violencia.badajoz@correo.gob.es

casamujerba@juntaex.es

casamujercc@juntaex.es

वैजनी पात्रो : शैक्षिक तथा सामूदायीक क्षेत्रमा असल व्यवहारको लागी मार्गदर्शन- लैंगिक विरुद्ध हिंसा स्थानिय समिती

यूवाहरुबिच लैंगिक समानताको प्रचार

Casar de Cáceres मा रहेको ४७८७ जनसंख्यामध्ये धेरै जसो लैंगिक हिंसाका मुद्धा फेला परेका छन् जसले गर्दा शैक्षिक क्षेत्रका व्यक्तित्व अनि विद्धार्थी वर्गलाई सम्बोधन गर्दै यसका लागि केहि गर्न विभिन्न तरिका अपनाइएको छ ।

Violet Calendar कार्यक्रमको उद्धेश्य भनेको स्थानीय विद्यालयका विद्यार्थिहरु सहिष्णुताको वातावरणमा हुर्किउन र व्यक्तिको मौलिक अधिकार र स्वतन्त्रताको सम्मान गरुन र विशेष गरि महिलावर्गको र साथै महिला पुरुष बराबरीको मान्यतामा पनि अग्रगामी सोच राखून भन्ने नै हो ।

अनि मूख्य गरी Violet Calendar को उद्धेश्य भनेको लैंगिक हिंसा रोकथाम नै हो ।

Violet Calendar को गतिविधिहरु

यसको दुइथरी गतिविधिहरु रहेका छन् । एउटा परिवारबाट र अर्को विद्ययालयबाट अनि प्रत्येक महिनाको गतिविधिको फरक फरक विषयवस्तु हुने गर्छ । लिंगवाद्लाई प्रोत्साहन नगर्ने खालको र लैंगिक समानतालाई जोड दिने खालको भाषा र माध्यम प्रयोग गरिन्छ ।

यस कार्यक्रमको गतिविधिहरु समावेसी, सहभागितामुलक र सहमतिमूलक हुन्छन् । यी सबै गतिविधि हरु Violet Calendar मा समावेश गरिन्छन् । साथै सहभागीहरुको आवश्यकता अनुसार व्यावसायिक व्यक्तिहरुद्वारा सैद्धान्तिक र व्यावहारिक गतिविधि र कार्यशाला पनि संचालन गरिन्छ ।

विद्यार्थी वर्गलाई सम्बोधन गरि तयार पारिएको कार्यशालाद्वारा शान्तिपूर्ण आन्दोलन, अहिंसा सम्बन्धि शिक्षा र उचित व्यवहारलाइ लैंगिक हिंसा रोकथामको हतियारको रुपमा प्रस्तुत गरिन्छ ।

पुरस्कृत परियोजना

Violet calendar कार्यशाला लागु भएको ४ वर्षमा यसले स्थानीय समुदायमा धेरै मात्रामा सचेतना बढाएको छ । साथै कार्यशालामा भाग लिने र सहभागी हुने मानिसहरुको संख्या नि बढ्दो छ । यसमा सहभागी हुने व्यक्तिहरु शिक्षक, परिवारहरु र संस्थाहरु हुने हुदा यो पहुच दिगो र साथै स्रोतयुक्त पहुच हो जसमा सबैले आफ्नो आफ्नो माध्यमले काम गर्दछन् ।

यस कार्यक्रमले थुप्रै पुरस्कार पाइसकेको छ । सन् २०१६ मा लैंगिक हिंसाको क्षेत्रमा उत्कृष्ट कार्य गरेबापत स्वास्थ्य मन्त्रालयद्वारा, र साथै २०१७ मा पनि लैंगिक हिंसा तथा लैंगिक समानताको क्षेत्रमा कार्य गरेबापत को Caceres प्रान्तीय समितिद्वारा पुरस्कृत भएको ।

सम्पर्क विवरण :

Artemia Rey Romero

cinfantil@casardecaceres.com